मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३१८ ● २०८० साल असोज १२ गते शुक्रबार ● Friday 29, September 2023 ● सूर्योदय: बिहान ५:५६ बजे ● सूर्यास्त: साँझ ५:५४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनमतले गठबन्धन गर्छ, अघि बढ्दैन

*मधेश प्रदेशसभामा चौथो ठूलो पार्टीको हैसियतमा छ । प्रदेशसभा सदस्य संख्याको आधारमा नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टीपछि जनमतको स्थान छ ।*





**सुरेश यादव**
**जनकपुरधाम ।**
स्थानीय तहको निर्वाचन –२०७९ मा पहिलो पटक औपचारिक प्रस्तुतिसहित उदाएको चन्द्रकान्त (सिके) राउत नेतृत्वको जनमत पार्टी निर्वाचन आयोगमा दर्ता नहुँदै चर्चामा थियो ।
अहिलेसम्म कुनै नकुनै कारणले चर्चामा आइरहने पार्टी हो जनमत । पहिलो संसदीय निर्वाचनबाटै जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवलाई पराजित गरी प्रतिनिधिसभामा सशक्त उपस्थिति जनाउन सफल भयो जनमत पार्टी ।
मधेश प्रदेशसभामा चौथो ठूलो पार्टीको हैसियतमा छ ।
प्रदेशसभा सदस्य संख्याको आधारमा नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टीपछि जनमतको स्थान छ ।
स्थानीय तहको निर्वाचनमा पार्टीलाई जनताको बीचमा समान्य उपस्थितिमात्रै देखाएपनि संसदीय निर्वाचनमा सशक्त प्रभाव देखिएपछि जनमत नेतृत्व हौसिए । पार्टी अध्यक्ष राउतकै अग्रसरतामा चुनाव लगत्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) बीच कार्यगत एकताको घोषणा गरियो ।
फागुन २७ गते शनिबारका दिन लोसपा अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रंजिता श्रेष्ठ चौधरीले हस्ताक्षर गरेको सहमति पत्र सार्वजनिक गरियो । उपराष्ट्रपतिको निर्वाचन तयारी चलिरहँदा मधेश केन्द्रीत तीन राजनीतिक दलबीच भएको उक्त कार्यगत एकता मधेश आन्दोलनकारीले उठाएको मुद्दालाई थप सशक्त बनाउनका लागि भएको सम्बद्ध पार्टीका नेताहरुले जनाएका थिए । सोही कार्यगत एकताले उपराष्ट्रपति निर्वाचनमा पनि काम गर्ने भनेका थिए र जनमत पार्टीको तर्फबाट ममता झालाई उम्मेदवार पनि बनाइयो ।
झाले उपराष्ट्रपति पदमा उम्मेदवारी दर्ता गराउँदा नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी र लोकतान्त्रिक समाजवादी पार्टीका अभिराम शर्मा तथा रुपा यादव प्रस्तावकमा बसेका थिए ।
समर्थकमा लोसपाकै रामप्रकाश चौधरी र रानी तिवारी शर्मा तथा गोमा लाभ सापकोटा बसे । उपराष्ट्रपति निर्वाचन प्रक्रिया अघि बढ्न थालेपछि तीन दलबीच कार्यगत एकता गरियो भने उम्मेदवारी दर्ता गराउँदा प्रस्तावक र समर्थक पनि तिनै दलका नेताहरु बसे । तर, झाको पक्षमा न नागरिक उन्मुक्ति न त लोकतान्त्रिक समाजवादी पार्टीले नै मतदान गर्यो ।
यसरी चुनावी गठबन्धन र कार्यगत एकता घोषणा गरेपनि चुनावमै मतदान नगरेपछि उक्त गठबन्धन स्वतः भंग भएको जनमत पार्टीका सचिव विपि साह बताउँछन् ।
'वैचारिक सामिप्यताको आधारमा कार्यगत एकता भएकै हो । तर, चुनावको बेला आफै प्रस्तावक र समर्थक बसेर उठाइएका उम्मेदवारकै विपक्षमा मतदान गरेपछि त्यस्तो गठबन्धन र कार्यगत एकताको के अर्थ रहयो ?' साहले मधेशद्दष्टिसँग भने ।
उनले अगामी दिनमा जनमतले कुनै पनि पार्टीसँग गठबन्धन, कार्यगत एकता वा पार्टी एकीकरण गर्ने सम्भावना नरहेको बताएका छन् । अहिले रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र डा. बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टीसँग कार्यगत एकता तथा पार्टी एकीकरण हुन सक्ने सम्भावनावारे बाहिर चर्चा चलेपनि त्यो सम्भव नरहेको पार्टी सचिव साहको दावी छ ।
'जनमत पार्टीले कुनै पनि चुनावका लागि अर्को दलसँग गठबन्धन गर्ने वा कुनै पार्टीसँग एकीकरण गर्ने सम्भावना नै छैन' साहले मधेशद्दष्टिसँग भने, 'अहिले सत्तारुढ दलसँगको गठबन्धनमा आवद्ध भएजस्तै परिस्थिति विशेषको अवस्थामा कुनै पार्टीसँग सिमित उदेश्यका निम्ति गठबन्धन गर्न सक्छ ।'

## शिक्षकले बाँधे कालो पट्टी माओवादीले विधेयकमा परमार्श गर्ने




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
काठमाडौँमा आन्दोलनरत शिक्षकहरूले टाउकोमा कालोपट्टी बाँधेर प्रदर्शन गरेका छन्। असोज २ गतेदेखि काठमाडौँ केन्द्रित आन्दोलनमा रहेका राहत, बाल विकास, पेन्सन वञ्चित, विद्यालय कर्मचारीहरूले कालोपट्टी बाँधेर प्रदर्शन गरेका हुन्।
आन्दोलनको क्रममा बुधवार प्रहरीले लाठीचार्ज गरेको थियो।
प्रहरीको लाठी लागेर राहत शिक्षक ताप्लेजुङका जिल्ला अध्यक्ष रमेश प्याकुरेल, रुकुम पश्चिमकी बाल विकास शिक्षक निर्मला वली, शर्मिला पुरी, शर्मिला सुवेदी, राहत शिक्षक रेजिना कुवर, नन्दा खड्का, जीवन तिमिल्सिना, सूर्यबहादुर शाही, दुर्गा पोखरेल, प्रेम दाहाल लगायत घाइते भएका छन् ।
शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले बल प्रयोग गरेको भन्दै शिक्षकहरू आक्रोशित बनेका छन् ।
उनीहरूले शिक्षकहरूसँग वार्ता गरेर माग सम्बोधन गर्नुको साटो प्रहरी लगाएर राज्यले दमन गर्न खोजेको आरोप लगाउँदै आन्दोलन थप सशक्त बनाउने तयारीमा जुटेका छन् । गत असोज २ गतेदेखि नेपाल शिक्षक महासंघको नेतृत्वमा देशभरका सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी, करार, बाल विकास, विद्यालय कर्मचारी लगायतले आन्दोलन थालेका थिए।
आन्दोलनको तेस्रो दिन सरकार र महासंघबीच ६ बुँदे सहमति भएको थियो।
उक्त सहमति प्रति असहमति जनाउँदै ५ वटा शिक्षक तथा कर्मचारीका सङ्घ संस्थाले आन्दोलनलाई नै निरन्तरता दिँदै आएका छन्।
विगत ९ दिनदेखि आन्दोलन गर्दै आएका छन्। माग पूरा नहुँदा सम्म सडक नछाडिने नेपाल राहत शिक्षक केन्द्रीय समितिका वरिष्ठ सह अध्यक्ष नविनसिंह धामिले बताए।
आधा भन्दा बढी शिक्षकहरू विस्थापित हुने गरी गर्न लागिएको सम्झौतामा आफूहरूको विमति रहेको बताए।
यसैबीच, माओवादीले विद्यालय शिक्षा सम्बन्धी विधेयकमा परामर्श गर्ने जनाएको छ ।
सत्तारूढ दल माओवादी केन्द्रले संसदमा दर्ता भएको शिक्षासम्बन्धी विधेयक सबै पक्षसँग परामर्श गरी परिमार्जन गर्ने जनाएको हो । बिहीबार काठमाठौं उपत्यकामा उपलब्ध भएका पदाधिकारीहरूको अनौपचारिक बैठकले उक्त निर्णय गरेको हो ।

## चितामा राखिसकेको शवसहित तीनजना पक्राउ

**मधेशद्दष्टि**
**सर्लाही ।**
सर्लाही जिल्लाको रामनगर गाउँपालिकामा दाहसंस्कार गर्न लागिएको शव चिताबाट प्रहरीले उठाएर पोष्टमार्टमको लागि मलंगवा अस्पतालमा पुर्याएको छ । रामनगर गाउँपालिका –१, खैरबा निवासी सुनिल साहकी श्रीमति २१ वर्षीया मनिषा साहको मृत्यु शंकास्पद भन्दै प्रहरीले अनुसन्धानको लागि चिताबाट शव उठाएको हो । चितामा राखेर जलाउनका लागि ठिक्क पारिएको शव प्रहरीले नियन्त्रणमा लिएर पोष्टमार्टमको लागि अस्पताल पठाएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी दिपेन्द्र पंजियारले जानकारी दिए ।
घटना शंकास्पद देखिएपछि घाटबाटै प्रहरीले युवतीका पतिसहित परिवारका तीन जना सदस्यलाई पनि नियन्त्रणमा लिएको छ ।पति सुनिल, ससुरा रामेश्वर र देवर रामबाबुलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको

*प्रारम्भिक अनुसन्धानबाट केही रहस्य बाहिर आएको जानकारी दिँदै प्रहरी प्रवक्ता डिएसपी पंजियारले मधेशद्दष्टिसँग भने, 'अनुसन्धान प्रभावित हुन सक्छ धेरै कुरा अहिले नगरौँ । तर, घटना रहस्यपुर्ण देखिन्छ ।'*

हिरासतमा राखेर अनुसन्धान गरिरहेको डिएसपी पंजियारले जानकारी दिए ।
परिवारका सदस्यले छारे रोगकी बिरामी मनिषाले आत्महत्या गरेको दाबी गरेका छन् ।
मनिषको माइती पक्षले भने परिवारकै सदस्यहरुले मिलेर हत्या गरी घटना ढाकछोप गर्न छोरीलाई लुकिछिपी जलाउन खोजेको भन्दै प्रहरीलाई खबर गरेपछि घटना अनुसन्धानका लागि शव नियन्त्रणमा लिइएको हो ।
डिएसपी पंजियारका अनुसार पासो लागेर आत्महत्या गरेको जस्तो देखिएको छ र संकलित प्रमाणको आधारमा घटनाको अनुसन्धान भइरहेकोछ ।
आत्महत्या नै गरेको हो भने पनि प्रहरीलाई जानकारी दिएर कानुनी प्रक्रिया पूरा गर्नुपर्नेमा लुकिछिपी शव जलाउन खोजेकाले पतिसहित तीनैजनालाई पक्राउ गरेको डिएसपी पंजियारले बताए ।घाटमै प्रहरी पुगेपछि केही मलामी भागेका थिए भने तीन जना आफन्तलाई नियन्त्रणमा लिइएको छ । मनिषाकी सासु भने फरार भएको प्रहरीले जनाएको छ ।
मनिषाको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवाको शव गृहमा राखेको छ । पोष्टमार्टमको रिपोर्ट आएपछि थप रहस्य खुल्ने अनुसन्धानमा खटेको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानबाट केही रहस्य बाहिर आएको जानकारी दिँदै प्रहरी प्रवक्ता डिएसपी पंजियारले मधेशद्दष्टिसँग भने, 'अनुसन्धान प्रभावित हुन सक्छ धेरै कुरा अहिले नगरौँ । तर, घटना रहस्यपुर्ण देखिन्छ ।'

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि लिइने पुन: प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मिति: २०८०।०६।१८ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०६।२० गते
बिहान ८:०० बजे
कार्यक्रम :-
१) मेडिकल ल्याब टेक्नोलोजी (CMLT) - ३ वर्ष
२) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
३) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टी, जनकपुरधाम-४
सम्पर्क नं.-९८४४०२०८८८, ९८४४०९९९२५ र ९८००८४३०१३

## 'तीन तलाक' ले अब हुँदैन डिभोर्स



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
इस्लाम धर्ममा तीन पटक तलाक भनेपछि श्रीमान र श्रीमतिबीच स्वतः सम्बन्ध विच्छेद हुने व्यवस्था छ । नेपालमा भने उक्त व्यवस्था अब गैरकानुनी ठहर हुने भएको छ । सर्वोच्च अदालतले मुस्लिम समुदायको तीन तलाकसम्बन्धी परम्परा तोड्दै महिलाको हकमा आदेश गरेको छ । अदालतबाट यस्तो आदेश गत चैत महिनामै आएपनि पूर्णपाठ भर्खरै सार्वजनिक भएको छ ।
सर्वोच्चको संयुक्त इजलासले मुस्लिम समुदायमा कायम रहेको तलाकलाई सम्बन्धविच्छेद मान्न नसकिने व्याख्या गर्दै कानुनी रूपमा सम्बन्धविच्छेद नभई अर्को विवाह गरे बहुविवाह हुने ठहर गर्दै पुरुषलाई सजाय समेत सुनाएको छ । २०७९ चैत २६ गते टोबहादुर मोक्तान र हरि फुयाँलको संयुक्त इजलासबाट एक मुद्दामा फैसला आएको थियो । उक्त फैसलाको पुर्णपाठसार्वजनिक यसै साता सार्वजनिक भएको छ ।
पूर्णपाठमा इस्लाम सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्धविच्छेदलाई प्रचलित नेपाल कानुनले मान्यता नदिएको र सबै समुदाय र सम्प्रदायलाई लागू हुने एकीकृत कानुन लागु हुने भनेको छ । सर्वोच्चले मुस्लिम समुदायमा प्रचलनमा रहेको तीन तलाकलाई स्वेच्छाचारी प्रकृतिको सम्बन्धबिच्छेद भन्दै त्यसलाई कसुरजन्य कार्य भनेको छ ।
'छरछिमेक वा समाजमा इस्लाम परम्परा र संस्कृति अनुसार गरेको तलाक वा सम्बन्ध विच्छेदलाई कानुनले मान्यता नगरेको अवस्थामा दोस्रो विवाह गर्न छुट भएको भन्न मिल्ने देखिँदैन' पुर्णपाठमा भनिएको छ । इस्लाममा श्रीमानले श्रीमतीलाई तीन पटक तलाक भनेमा सम्बन्ध विच्छेद हुने र बहुविवाह समेत स्वीकार्य हुने भए पनि नेपालको कानुनले यी दुबैलाई गैरकानुनी ठहर गर्दै यस्तो अवस्थामा सजाय हुने भनेको छ । १४ वर्ष अघि काठमाडौँकी सविया तनविर हसनले श्रीमान् मनौवर हसन विरुद्ध मुद्दा दायर गरेकी थिइन् । उनले आफू शारीरिक र मानसिक रूपमा ठिक छँदाछँदै श्रीमानले मिना हलुवाइसँग दोस्रो विवाह गरेको भन्दै बहुविवाहको मुद्दा हालेकी थिइन् । ती जोडीको दुई सन्तान थियो ।
जाहेरी परेपछि प्रहरीले मनौवरलाई पक्राउ गर्यो ।
मनौवरले आफूहरूको मन नमिलेकाले इस्लाम धर्म अनुसार सम्बन्धविच्छेद गरेर मिना हसनसँग दोस्रो विवाह गरेको दाबी गरे ।जिल्ला अदालत काठमाडौँमा भने मनौवर र मिनाले विवाह गरेको अस्वीकार गरे । मनौवरले धार्मिक मान्यता अनुसार श्रीमतीसँग सम्बन्धविच्छेद भएको तर दोस्रो विवाह नगरेको दाबी गरे । जिल्ला अदालतले उनीहरूलाई बहुविवाहको आरोपबाट सफाइ दिएको थियो ।मुद्दा पुनरावेदन अदालत पाटनमा पुगेपछि जिल्लाको फैसला उल्टिएर मनौवरलाई एक वर्ष कैद र ५ हजार जरिवानाको फैसला आयो । मनौवर र मिना फैसलाविरुद्ध सर्वोच्च अदालत गए । सर्वोच्चले पुनरावेदन अदालतकै फैसला सदर मात्र गरेर धार्मिक मान्यता र परम्परा अनुसार हुने सम्बन्ध विच्छेदलाई अमान्य भन्दै प्रचलित कानुन अनुसारै सम्बन्ध विच्छेद हुनुपर्ने व्याख्या गरिदियो ।
भारतले सन् २०१९ मा मुस्लिम समुदायमा प्रचलनमा रहेको तीन तलाकको प्रावधानलाई कानुनै बनाएर प्रतिबन्ध लगाएको थियो । सर्वोच्चले तलाकलाई अवैध घोषणा गर्दा भारतमा तीन तलाकविरुद्ध सन् २०१९ मा बनेको मुस्लिम महिला (विवाह अधिकारको संरक्षण) ऐनको प्रावधानलाई समेत उल्लेख गरेको छ ।

# नापी कार्यालयः विना दाम हुँदैन सेवाग्राहीको काम



**मुकेश कुमार यादव**
**सिरहा ।**
सिरहामा नापी कार्यालयको कर्मचारीहरुले सेवाग्राहीसंग खुलेयाम घुस रकम लिएर कामकाज अगाडि बढाउने गरेको पाइएको छ । लाह्रानस्थित नापी कार्यालयका कर्मचारीहरुले सेवाग्राहीसंग किताकाट, ब्लु प्रिन्ट लगायतका काममा बिचौलिया मार्फत तथा कर्मचारीहरु आफैले खुलेयाम अतिरिक्त रकम लिने गरेको पाइएको हो ।




नापी कार्यालयका कर्मचारी र लेखापढी व्यवसायीहरुको सेटिङमा सेवाग्राहीसंग घुस रकम लिएर मात्र कागजी प्रक्रिया अगाडी बढाउने गरेको पीडित सेवाग्राहीहरु बताउँछन् । लामो समयपछि किताकाट खुलेकाले सेवाग्रहीको चाप बढेपछि नापी र मालपोतबाट हुने सबैखालका काम बिनाघुस कुनै काम नहुने नाम उल्लेख नगर्ने शर्तमा धनगढीमाई नगरपालिकाका एक सेवाग्राहीले बताए ।

उनले भने, 'म सामान्य कित्ताकाटको लागि सबै प्रकृया पुर्याएर बिहानै कार्यालाय पुग्दा पनि चार बजेमात्र कित्ताकाट गरिदिए ।

६ घण्टा लगाएर चार बजेमात्र नक्सा हातमा पर्यो तर पनि अतिरिक्त रकम तिर्नै पर्यो । नापी कार्यालयले समयमा काम नगरिदिँदा जग्गा पासको काम पनि त्यसदिन हुन सकेन ।'

गोलबजार नगरपालिका –६ घर भएका अर्का सेवाग्राहीले जग्गा कित्ताकाटको लागि गत शुक्रवार बिहान १० बजे कार्यालय पुगेपनि कार्यालय बन्द हुने समयमामात्र नक्सा उनको हातपर्यो । तयार भएको नक्सा सहितको कागजात लिन अमिन (सर्वेक्षक) मागैन महतोसँग लुच्छाचुडी जस्तै पर्यो । उनले भने, 'मेरो दिनभर त्यहीँ काममा बित्यो तर, ती सर्वेक्षकले मसँग अतिरिक्त रकम नलिएसम्म कागजात नै दिएन । मैलेपनि कति हैरानी झेल्नु भनेर अन्तमा दुई हजार रकम दिएर काम गराउन बाध्य भएँ ।'

लामो समयपछि कित्ताकाट खुलेकाले नापी र मालपोतमा सेवाग्राहीको भिडभाड लाग्ने गरेको छ । त्यसको फायदा उठाउँदै अमिनहरुले अतिरिक्त रकम माग्ने गरेको सेवाग्राहीहरुको गुनासो छ । उनीहरुले सेवाग्राहीलाई भिडको बाहाना देखाउँदै आज काम नहुनेभन्दै फर्काउने र अग्रिम रकम नदिनेको काम ढिलो गर्ने गरेको सेवाग्राहीहरुको भनाई छ ।

यस सम्बन्धमा नापी कार्यालय लहानका प्रमुख नापी अधिकृत संजय कुमार सिंहसँग प्रतिकृया लिँदा उनले उनको व्यवहार अलिक ठिक छैन, तपाईले मलाई जानकारी गराउनु भयो म सम्झाई दिउँला भन्दै पन्छिने कुरा गरे ।

अधिकृत सिंहकै अभिव्यक्ति र गत भदौ ६ गते यसै कार्यालयमा कार्यरत अमिन दिपरञ्जन यादव १० हजार घुस सहित समातिनुले पनि कार्यालय प्रमुख लगायतका मिलोमतो रहेको पुष्टि गर्छ । त्यसैगरी, सिरहाका अधिकांश भिडभाड हुने अडाहरु मालपोत कार्यालय, नापी कार्यालय, भुमि सुधार कार्यालय, जिल्ला प्रशासन कार्यालयमा दिनहँ सेवाग्राहीहरु ठगिने गरेको पीडितहरुको गुनासो छ ।

# बैकिंग कसुरमा साह पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको परोहा नगरपालिका वडा नम्बर ३ स्थायी घर भई वीरगंजमा किराना पसल सञ्चालन गर्दै आएका दिलीपकुमार साह बैङ्किङ कसुर मुद्दा पक्राउ परेका छन् । साहले दिएको चेक बाउन्स भएपछि उनलाई जिल्ला प्रहरी कार्यालय रौतहटले पक्राउ गरेको हो ।

बैङ्किङ कसुरमा पक्राउ परेका दिलीपमाथि अनुसन्धान गर्न जिल्ला अदालत रौतहटबाट सात दिनको म्याद थप गरेर रौतहट प्रहरीले अनुसन्धान अगाडि बढाएको छ । रौतहट प्रहरीको मुद्दा फाँटका प्रहरी निरीक्षक उमाशङ्कर गुप्ताले साहमाथि अनुसन्धान गर्न अदालतबाट म्याद थप भएको जानकारी दिए ।
साहलाई असोज ९ गते रौतहट प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर ८ स्थित दुर्गा हल अगाडिबाट नियन्त्रणमा लिएको थियो ।
पर्साको पकाहामैनपुर घर भई वीरगंज बस्दै आएका सुनिल पाण्डेले साहविरुद्ध बैङ्किङ कसुरमा जाहेरी दिएपछि पर्सा प्रहरीको सहयोगमा रौतहट प्रहरीले उनलाई वीरगंजबाट नियन्त्रणमा लिएको प्रहरी निरीक्षक गुप्ताले बताए ।

# मुल्यवृद्धि नियन्त्रण गर्न सरकारले प्रयत्न गरेनः नेपाल

**मधेशदृष्टि**
**वीरगंज ।**
सत्ता साझेदार दल नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सरकारले मुल्यवृद्धि नियन्त्रण गर्ने प्रयत्न नगरेको बताएका छन् । बिहीबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा पार्टीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष नेपालले मूल्यवृद्धि नियन्त्रण गर्न सरकारले राम्रो प्रयत्न नगरेको बताएका हुन् ।
उनले दैनिक उपभोग्य वस्तुहरुको अन्धाधुन्ध रुपमा मूल्यवृद्धि भइरहेको बताए । मूल्यवृद्धि हुनुपर्ने कुनै औचित्य नहुँदापनि मूल्यवृद्धि भइरहेको भन्दै उहाँले यसतर्फ सरकारको ध्यानाकर्षण गराए । उनले मूल्यवृद्धि नियन्त्रणको सम्बन्धमा एकीकृत समाजवादीले संसद चल्दा संसदमा आवाज उठाइरहेको र संसद नहुँदा पनि विभिन्न माध्यमबाट सरकारको ध्यानाकर्षण गराइरहेको बताए ।

# सिमरा भेट्रान कपको फाइनलमा

**मधेशदृष्टि**
**वीरगंज ।**
आयोजक सिमरा भेट्रान क्लब , बाराको सिमरामा जारी तेश्रो अन्तराष्ट्रिय सिमरा भेट्रान कप फुटबल प्रतियोगिताको फाईनलमा प्रवेश गरेको छ । सिमरा रंगशालामा बुधबार बेलुकी भएको पहिलो सेमिफाईनल खेलमा चाबहिल स्पोर्टस क्लब काठमाण्डौलाई ३–२ गोल अन्तरले पराजित गर्दै आयोजक सिमराले फाईनलमा स्थान पक्का गरेको हो । सिमराको जीतमा गोपिप्रसाद भट्टले दुई र मित्रबहादुर बस्नेतले एक गोल गरेका हुन् । उक्त खेलको म्यान अफ द म्याच सिमराका लागि दुई गोल गरेका भट्ट घोषित भएका छन । प्रतियोगिता अन्र्तगत बिहीबार पनि दुई वटा खेल हुँदैछ ।
स्व.मञ्जुदेवी गुप्ताको स्मृतीमा आयोजित प्रतियोगिताको फाइनल खेल असोज १३ गत शनिबार हुनेछ । प्रतियोगितामा १२ वटा टिमले सहभागिता जनाएका छन् । प्रतियोगिताको बिजेताले नगद २ लाख र उप बिजेताले नगद १ लाख रुपैया पाउने आयोजक सिमरा भेट्रान क्लबका अध्यक्ष राज कपुर राउतले जानकारी दिए ।

# स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने दोषीलाई कारबाही हुन्छः गृह

**रासस**
**काठमाडौँ ।**
गृह मन्त्रालयले केही समययता मकवानपुर, कञ्चनपुर, लमजुङ, कास्कीलगायतका जिल्लाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीमाथि भएका आक्रमणका घटनाप्रति गम्भीर रहेको जनाएको छ । मन्त्रालयले उल्लिखित घटनामा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने कार्यमा संलग्न देखिएका दोषीलाई प्रशासनिक एवं कानुनी कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।
समय–समयमा देखिएका यस्ता समस्या समाधान गर्न यही असोज ९ गते उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिको उपस्थितिमा बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय र सबै जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिसकिएको मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले जानकारी दिए । कास्कीमा घटेको घटनामा दोषी देखिएका सुरक्षाकर्मीमध्ये एक जनालाई केन्द्रमा सरुवा गरिसकिएको र अर्को एक जनालाई कानुन बमोजिम निलम्बनसमेत गरिसकिएको उहाँले बताउनुभयो । गृह मन्त्रालयले भनेको छ, 'अतः स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई सबै प्रकारका विरोधका कार्यक्रम अन्त्य गरी आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्दै आ–आफ्नो कार्यक्षेत्रमा फर्किन आह्वान गरिन्छ ।' साथै सबै नागरिकलाई पनि स्वास्थ्यकर्मीमाथि आक्रमण गरेमा प्रचलित कानुन बमोजिम कडा कारबाही हुने कुराको जानकारी गराउँदै स्वास्थ्य क्षेत्रलाई सुरक्षित बनाउन सबैले आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न मन्त्रालयले अनुरोध गरेको छ ।
मन्त्रालयका अनुसार देशका सबै स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी



तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (संशोधन सहित)ले गरेको कसूर र दण्ड सजायसँग सम्बन्धित व्यवस्था उल्लेख भएको सार्वजनिक सूचना सबै नागरिकले सहजै देख्ने गरी राख्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने निर्णय भएको छ ।
यस्तै पछिल्लो समयमा देशका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीमाथि भएका दुव्यवहारका घटनामा संलग्न देखिएका दोषीलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (संशोधन सहित) बमोजिम कारबाही गर्न मातहतका निकायलाई निर्देशन दिने निर्णय पनि भएको मन्त्रालयले जनाएको छ ।
उक्त ऐनमा व्यवस्था भएको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सुरक्षासम्बन्धी समन्वय समितिको बैठक नियमित राखी प्रभावकारी कार्यान्वयनको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने निर्णय पनि भएको गृह प्रवक्ता शर्माले जानकारी दिए ।

# विकास गर्न शासक इमान्दार हुनुपर्छः पूर्वप्रधानन्यायाधीश

**रासस**
**काठमाडौँ ।**
पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले मुलुकको विकास गर्नका लागि शासक इमान्दार हुनुपर्नेमा बताएकी छिन् । हिमालय मातृभूमि फाउन्डेसनद्वारा आज आयोजित 'सुशासन, विकास र समृद्धि लागि राष्ट्रिय अभियान–२०८०' कार्यक्रममा उनले मुलुकमा सुशासन, विकास र समृद्धिका लागि शासक इमानदार हुनुपर्ने बताइन् ।
'वर्तमान सरकारको शासनशैली जनतालाई मन परेको छैन, किनभने इमान्दारिता छैन', उनले भनिन्, 'सुशासन, विकास र समृद्धिका लागि शासन इमानदार हुनैपर्छ ।' धेरै बिग्रेको सुधार हुनका लागि समय लाग्ने भएकाले आशावादी हुन आग्रह गर्दै उनले भनिन्, 'यही देशको माटोको विकास गर्नुपर्छ, अरूको देशमा जानु भनेको हराउनु हो ।'
उनले देशमा भ्रष्टाचारले जरो गाँडेको उल्लेख त्यसको अन्त्यका लागि दबाब समूह जरुरी भएको बताइन् ।
प्याब्सन कार्यसमिति अध्यक्ष डिके ढुङ्गानाले मुलुकको विकासका लागि राजनीतिक स्थायित्व र सुशासन जरुरी भएको आवश्यकता औँल्याउँदै त्यसका लागि सबैको इमानदारपूर्वक काम गर्नुपर्ने बताइन् ।नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले समाज विकासक्रममा मुलुकको विकासका लागि स्थापना भएको प्रजातन्त्रको अभ्यास गर्नुपर्नेमा जोड दिँदै गलत कामलाई सच्याउँदै राम्रो कामको गर्न सुझाव दिए ।
एनप्याब्सनका सहअध्यक्ष सुवास न्यौपानेले सुशासन, विकास र समृद्धिका लागि सबैमा चिन्ता र चिन्तन हुनुपर्ने धारणा राखे । पूर्वराजदूत महेश दाहालले देश भनेको जनता र जनताको भावना भएको उल्लेख गर्दै देश समृद्ध बनाउन धेरैभन्दा धेरै उद्योगधन्दा खोल्नुपर्नेमा जोड दिए ।
राजनीतिक विश्लेषक मुमाराम खनालले शिक्षाको क्षेत्रमा काम गर्ने व्यक्तिहरूले खोलेको संस्था भएको हुँदा शिक्षाको सुधारमा लाग्न राजनीति नगर्ने सुझाव दिए । पूर्वसचिव शारदाप्रसाद त्रितालले सुशासन कायम गर्न सरकारले नै ध्यान दिनुपर्ने भए पनि सरकार बनाउने र टिकाउनेमा मात्रै ध्यान दिनु दुःखद् भएको अनुभव सुनाए ।
अध्यक्ष टीकाराम पुरीले देशलाई माया गर्ने देशभक्त नेपाली मिलेर सुशासन, विकास र समृद्धिका लागि स्थापना गरिएको जानकारी दिए ।
कार्यक्रममा संस्थाले गर्ने कामका बारेमा अवधारणापत्र सार्वजनिक गरेको थियो ।

# निर्माण भएको दुई वर्ष बित्यो, सञ्चालन भएन

**मनोज यादव**
**सर्लाही ।**
सर्लाहीको हरिपुर्वा नगरपालिकामा रहेको हरिपुर्वा अस्पताल निर्माण सम्पन्न भएको २ वर्ष बितिसक्दा पनि संचालनमा आउन सकेको छैन ।
हरिपुर्वा नगरपालिका वडा नम्बर –२ स्थित नयाँ बजारमा झण्डै ७ करोड रुपैयाँको लागतमा निर्माण भएको १५ शैयाको उक्त अस्पतालको हालसम्म उद्घाटन समेत भएको छैन । जबकी निर्माण कम्पनीले अस्पताल भवनको सम्पुर्ण निर्माणकार्य सम्पन्न गरेर छसात महिना अघि नै नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ ।
तत्कालीन स्वास्थ्य मन्त्री राजेन्द्र महतोको विशेष पहलमा स्थानीय विनोद साहले दानमा दिएको १० कठ्ठा जग्गामा निर्माण भएको उक्त अस्पतालमा स्वास्थ्य प्रयोगशाला मात्र संचालनमा रहेको छ । उक्त प्रयोगशाला संचालनको लागि प्राविधिक र स्वास्थ्य परिक्षणका लागि आवश्यक पर्ने उपकरणहरु मधेस प्रदेश सरकारले उपलब्ध गराएको छ। उक्त प्रयोगशालामा आवश्यक पर्ने उपकरणहरु रहेता पनि परिक्षणको लागि आवश्यक पर्ने केमिकल र किटहरुको अभाव रहेको यहाँ कार्यरत कर्मचारीले बताएका छन् ।
यस क्षेत्रमा एउटापनि सुविधा सम्पन्न अस्पताल नरहेकोले सामान्य रोगको उपचारको लागि पनि सदरमुकाम मलंगवा ,बिरगंज ,जनकपुर , काठमाडौ लगायत भारतका विभिन्न सहरमा जानुपर्ने बाध्यता रहेको थियो। गरिब परिवारका बिरामीहरुलाई पैसाको




अभावमा उपचार नपाएर अकालमा ज्यान गुमाउनु परेको थियो। उपचार बिना कसैले पनि अकालमा ज्यान नगुमाउन भन्ने अभिप्रायले आफुले अस्पताल निर्माणका लागि १० कठ्ठा जग्गा दान गरेको थिए तर, अस्पताल बनेको दुई वर्ष भन्दा बढी भइसक्दा पनि संचालनमा नआउँदा मन खिन्न भएको जग्गादाता बिनोद कुमार साहले गुनासो गरेका छन् ।
यसअघिका मेयर सियाराम राय यादवको पालामै अस्पताल भवन निर्माणको काम सम्पन्न भइसकेपनि अर्को मेयर बिनोद साह आइसक्दासमेत अहिलेसम्म संचालन नहुनु दुःखद रहेको उनले बताए ।
तीन तल्लाको आलिसान एवं सुविधा सम्पन्न यस अस्पतालमा अहिलेसम्म विद्युत् आपूर्ति समेत भएको छैन । पोलबाट डाइरेक्ट तार तानेर बिजुलीको प्रयोग भइरहेको छ। संग्रामपुरदेखि हरिपुर्वासम्मको मुख्य सडक नजिकै रहेको यस अस्पताल सम्म पुग्न पक्की बाटो छैन । माटोको सडक भएकोले बर्षातको मौसमा पुरै हिलाम्मे हुने गरेको स्थानीयहरु बताउँ छन् ।
नगरपालिकाले खटाएको एकदुई जना कार्यालय सहयोगी तथा खेतमा काम गर्न र घाँस काट्न आएका केही स्थानीय मानिसहरु बाहेक अन्य कुन पनि मानिसहरु अस्पताल परिसरमा भेटिंदैन । टाढैबाट भब्य देखिने हरिपुर्वा अस्पताल यतिबेला सुनसान र प्रयोगविहीन भएको छ ।
हरिपुर्वा नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाका संयोजक राम एकवाल रायका अनुसार गत आर्थिक वर्षमा ४० लाख कर्मचारी भर्ना र ४० लाख आवश्यक सरसामान खरिदको लागि भनेर जम्मा ८० लाख बजेट अस्पतालका लागि छुट्याइएको थियो। तर राजनैतिक द्वन्द्व तथा आन्तरिक बिवादका कारण उक्त बजेट चलाउन सकिएन। बजेट फ्रिज भएकै कारण हस्तान्तरण भएको लामो समय बितिसक्दा पनि हालसम्म अस्पताल संचालनमा नआएको स्वास्थ्य संयोजक रायले बताए ।अबको केही दिनमै कार्यपालिका सदस्यहरुको बैठक मार्फत बजेट छुट्याएर डाक्टर लगायत अन्य कर्मचारीहरुको भर्ना गरि उक्त अस्पताललाई पुर्णरुपमा संचालनमा ल्याउने उनले बताए ।
अस्पतालको शिलान्यास भई निर्माणकार्य सुरु हुँदा खुसी भएका हरिपुर्वाका जनताहरु निर्माण सम्पन्न भएको दुई वर्ष बितिसक्दा पनि संचालनमा नआएपछि यतिबेला निराश भएको देखिन्छन् । विकसित शहरहरुमा जस्तै सुविधा सम्पन्न अस्पताल गाउँमा हुँदाहुँदै पनि उपचारको लागि अन्यत्र जानू परेको स्थानीयहरुले गुनासो गरे ।
करोडौँको लगानीमा बनेको अस्पतालको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको रहेको भएपनि नगरपालिकाले आफ्नो दायित्व पूरा गरेको देखिंदैन । पालिका भित्र छुट्टै आन्तरिक तथा राजनैतिक द्वन्द्व चलिरहेको छ। पटकपटकको तालबन्दी र हडतालका कारण एउटा पनि प्रमुख प्रशासकीय अधिकृत टिक्न सकेका छैनन् । एकजना प्रमुख प्रशासकीय अधिकृतको त हाजिरी भएको ३ घण्टामै सरुवा भएको थियो । जसले गर्दा गत आर्थिक वर्षमा एउटा पनि विकास निर्माणका कामहरु यस पालिकामा भएको छैन ।
हजारौं जनताको सुविधाको लागि करोडौंको लगानी गरेर सरकारले अस्पताल निर्माण गरिदिए पनि पालिकाको गैरजिम्मेवारीपनले गर्दा सरकारको लगानी बालुवामा पानी खन्याए जस्तै भएको छ ।

# विधायकको मूल जिम्मेवारी कानुन बनाउने होः सांसद शर्मा



**रासस**
**काठमाडौँ ।**
नेकपा (एमाले) को तर्फबाट बाँके निर्वाचन क्षेत्र २ का प्रतिनिधिसभा सदस्य दीपा शर्मालाई विधायकको मूल काम कानुन बनाउने नै हो भन्ने लाग्छ । तर नेपालको अभ्यासमा विकासप्रति बढी ध्यान दिँदा मूल कानुन बनाउने कुरा ओझेलमा परेको उनको ठम्याइ छ ।
दैलेखको नारायण नगरपालिका–२ मा २०३९ मङ्सिर २८ मा जन्मेकी सांसद शर्मा कक्षा ७ मा पढ्दादेखि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू) को प्रारम्भिक कमिटीबाट राजनीतिक सुरु गरेकी हुन् ।
दैलेखमा अनेरास्ववियूको कोषाध्यक्ष हुँदै नेपालगञ्जको बाँकेमा २०६० सालमा क्याम्पस पढ्ने क्रममा अनेरास्ववियूको जिल्ला उपाध्यक्ष र अध्यक्ष भएर काम गरिन् । उनले २०६२÷०६३ सालको आन्दोलनमा अनेरास्ववियूको नेतृत्व गरेकी थिइन् । यसपछि, अनेरास्ववियूको तीन पटक केन्द्रीय सदस्य, महिला विभाग प्रमुख भएर जिम्मेवारी पूरा गरेकी थिइन् । अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) केन्द्रीय युवा कमिटीको प्रमुख भएर काम गरिन् । बाँकेको पार्टी जिल्ला कमिटी सदस्य, प्रदेश कमिटी सदस्य हुँदै एमालेको दशौँबाट पार्टी केन्द्रीय कमिटी सदस्य र हाल बाँके निर्वाचन क्षेत्र २ को प्रतिनिधित्व गर्नुहुन्छ । मुस्लिम, मधेसी समुदायको बाहुल्यता रहेको बाँके उपमहानगरपालिका वडा १ मा बस्छिन् ।
शर्माले कुरा गर्दै भनिन्, 'प्रतिनिधिसभा सदस्यको मूल जिम्मेवारी कानुन बनाउने र जनतालाई त्यसका माध्यमबाट सेवा प्रवाह गर्नुपर्ने हो तर नेपालमा आफूले निर्वाचन क्षेत्रबाट जितेको ठाउँमा विकास निर्माणका काममा बढी ध्यान दिने नेपालको अभ्यास छ, यो गलत अभ्यास हो ।' उनले आफ्नो निर्वाचन क्षेत्रमा जाने महत्वपूर्ण कानुन बनाउने विधेयकको छलफलमा उपस्थित नहुनेजस्तो समस्या देखिएको उनको ठम्याइ छ । जुन मुख्य जिम्मेवारीबाट ओझेलमा परिने गलत अभ्यास भएको उनको बुझाइ छ । सांसद शर्मा तीन वटा विषयगत समिति शिक्षा, स्वास्थ्य र सूचना प्रविधि समितिमा क्रियाशील छिन् ।
संसद्मा शिक्षासम्बन्धी विधेयक संसद्मा दर्ता प्रसङ्गमा कुरा गर्दै थनिन्, 'स्वास्थ्यका कानुन बनाउनुपर्ने, चिकित्सा आयोगसम्बन्धी कानुन बनाउनुपर्ने छ, दैनिक डाक्टर कुटिएको अवस्था छ, त्यसले गर्दा विधायक कानुन बनाउने कुरालाई नै पहिलो प्राथमिकता दिनुपर्छ ।' सांसदले गत पुस ७ गते विधायकको रुपमा सपथ लिएर काममा लागेको भए पनि योबीचमा आकस्मिक रुपमा एउटा मिटरब्याजीसम्बन्धी मात्रै कानुन निर्माण भएको छ । तर अरु महत्वपूर्ण कानुन पनि संसद्बाट निर्माण हुन सकेको छैन । यस विषयमा विधायक मात्र दोषी नभएको सांसद शर्माको धारणा छ ।
'सरकारले संसद्मा कानुन बनाउनका लागि विजनेस नै दिएको छैन, कानुन नबन्नमा सांसद र संसद् दोषी छैन', उनले भनिन्, 'यतिका लामो समयसम्म समितिका सभापति नै आएनन्, बल्ल विषयगत समितिले सभापति पाएको छ, अब कानुन बनाउने कुरामा ध्यान दिनु जरुरी छ ।' संसदले राष्ट्रपति र उपराष्ट्रपति, सभामुखको चुनाव गराउन मात्र सफल भएको तर महत्वपूर्ण कानुन बनाउनुपर्ने कुरामा सरकारले नै ध्यान नदिएको उनको आरोप छ । संसद् जनताको आवाजको थलो पनि भएको हुँदा संसद्ले सरकारलाई जवाफदेही बनाउने महत्वपूर्ण काम हो भन्ने सांसद शर्माको ठहर छ । 'सरकार संसद्प्रति उत्तरदायी हुनुपर्छ, जनताको आवाज बोलेको शून्य सयम, विशेष समयमा उठाएको समस्याको विषयमा सरकारले ध्यान दिन जरुरी हुन्छ', सांसद शर्माले जोड्न्, 'सांसदले प्रश्न उठाइरहने तर सरकारले ध्यान नदिनेजस्तो देखिएको छ, त्यस्तो हुनुहुँदैन, संसद् ताली पडकाउने स्थान मात्र होइन, जनताको समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउने स्थान हो ।' उनलाई शून्य र विशेष समयमा सरकारले उठाएको प्रश्नमा सरकार गम्भीर नभएको भन्ने लाग्छ । मूल कामभन्दा पनि बेलाबेलामा संसद् अवरुद्ध भइरहने गर्दा पनि कानुन बनाउनेजस्तो काममा ढिलाइ भइरहेको विषयमा सांसद शर्माले थपिन्, 'राष्ट्र, राष्ट्रियता र सीमाको संरक्षण गर्नु, त्यो देश र नागरिककै हितका लागि कहिलेकाहीँ सुनुवाइ भएन भने संसद् अवरुद्ध पनि गर्नुपर्ने हुन्छ, प्रतिपक्षको धर्म नै हो ।' सांसद भएपछि आफ्नो मर्यादाको ख्याल राख्नुपर्ने कुरामा उनको जोड छ । 'सांसद भनेको जनताको विशेष प्रतिनिधि हो, बोल्ने शब्द मर्यादित र शालिन हुनुपर्छ, पोशाक पनि मर्यादित लगाउनुपर्छ', उनले थपिन्, 'अनुशासनको पालना गर्नुपर्छ, पद र संसद्को गरिमा जोगाउनुपर्छ, यदि कमीकमजोरी भएको छ भने सच्याउनुपर्छ ।' संसद् विकास कोषबाट रकम लिने विषय उचित नभएको सांसद शर्माको धारणा छ । "नेपालको अभ्यासमा सांसद विकास कोषबाट पैसा लिएर धारा, कुलो, बाटो, भवन बनाउने अनि, मैले विकास गरे नि भन्ने चलन छ, यस्ले समृद्ध नेपाल र सुखी नेपालीको सङ्कल्प पूरा हुन सक्दैन, विधिको शासन कायम गर्न कानुन बनाउने कुरालाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ ।' उनलाई कानुन बनाएरै राज्यको संरचनालाई बलियो बनाउनुपर्ने र बनाएका कानुनको पनि कार्यान्वयन भए वा नभएको विषयमा ध्यान दिन जरुरी हुन्छ भन्ने लाग्छ । राष्ट्रको हितका लागि गरिएका राष्ट्रिय गौरवका आयोजना निर्माण, नेपालमा उद्योगधन्दा खोल्ने, स्वदेशमा रोजगारीको वातावरण बनाउने विषयमा भने सांसदमा छलफल गर्न उचित हुने र मुख्यरुपमा कानुन बनाउनुपर्ने कुरामा नै विधायकको भूमिका खेल्नुपर्ने उनको बुझाइ छ ।

# विद्युत् उत्पादन अनुमतिपत्रका लागि जगदुल्लाले अगाडि बढायो प्रक्रिया



**रासस**
**काठमाडौँ ।**
'जनताको जलविद्युत्' कार्यक्रममा समावेश जगदुल्ला अर्धजलाशयुक्त आयोजनाले भौतिक निर्माणका लागि आवश्यक पूर्व तयारी सुरु गरेको छ । आगामी छ महिनाभित्र भौतिक निर्माणमा जाने तयारीका साथ हाल पूर्वतयारीको काम सुरु गरिएको आयोजनाले जनाएको छ । कर्णाली प्रदेशको डोल्पा जिल्लामा अवस्थित आयोजनाको कूल क्षमता एक सय छ मेगावाट छ । स्थानीय जगदुल्ला र मुड्केचुला गाउँपालिकामा अवस्थित सो आयोजनाको प्रवद्र्धक कम्पनी जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले विद्युत् उत्पादन अनुमतिपत्रका लागि बिहीबार सार्वजनिक सूचनामार्फत जानकारी गराएको छ । जगदुल्ला हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले केही दिन पहिले ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई समग्र आयोजनाको अवस्थाबारेमा जानकारी गराउँदै छ महिनाभित्र निर्माणमा लैजाने तयारी गरिएको जानकारी गराएका थिए । उनले हाल आयोजनाका लागि वित्तीय व्यवस्थापनको काम भइरहेको र अन्य प्राविधिक तयारी समेत अन्तिम चरणमा रहेको उनको भनाइ थियो । कर्णाली प्रदेशमा निर्माण हुन लागेको आयोजनाले समग्र प्रदेशलाई उज्यालो बनाउने लक्ष्य राखिएको छ । योजनास्थल पुग्नका लागि पहुँचमार्ग निर्माण तथा अन्य पूर्वतयारीको काम अन्तिम चरणमा छ ।
आयोजनाबाट वार्षिक रुपमा छ सय २३ दशमलव ४७ गिगावाट घण्टा बराबरको विद्युतीय ऊर्जा उत्पादन हुनेछ । आयोजना अर्धजलाशय प्रकृतिको हो । यसको डिजाइन बहाव १६ दशमलव सात घनमिटर प्रतिसेकेण्ड छ । यस्तै कूल ग्रस हेड सात सय ८९ दशमलब ६० रहेको छ । आयोजनाको मुख्य संरचना नगदुल्ला नदीको बाँया किनारामा छ । पानी फर्काउनका लागि निर्माण हुने बाँधको लम्बाइ ९३ मिटर बराबर निर्माण गरिनेछ । 'क्रङ्क्रिट ग्राभिटी टाइप' को बाँध निर्माण हुने र समुद्री सतहबाट दुई हजार छ सय ९६ मिटरमा रहनेछ । आयोजनाबाट उत्पादित बिजुली एक सय ३२ केभी क्षमताको ५० किलोमिटर लामो प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने बाफिकोट सवस्टेशनमा जोडिनेछ । आयोजनामा सरकारी स्वामित्वको हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएलल)ले चार अर्ब रुपैयाँ बराबरको लगानी गर्ने भएको छ । गत भदौ ९ गते एचआइडिसिएल र प्रवद्र्धक कम्पनीकाबीच ऋण स्वीकृत पत्र आदानप्रदान भएको थियो । ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देव र एचआइडिसिएलका प्रमुख कार्यकारी अधिकृत ९सिइओ० अर्जुनकुमार गौतमले ऋण स्वीकृत पत्र प्रदान गरेका थिए ।
आयोजना निर्माणका लागि करिब २३ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । सबै खालका अध्ययन सकिएको यो आयोजनाको वित्तीय व्यवस्थापनको अन्तिम तयारी भइरहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत सापकोटाले जानकारी दिए । आयोजनामा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, नविल बैंकलगायतले लगानी गर्ने तयारी गरिएको छ । आयोजनाका लागि कर्णाली प्रदेश सरकारले पहिलो चरणमा ११ लाख ७१ हजार पाँच कित्ता शेयरको ११ करोड ७१ लाख ५० हजार रुपैयाँ उपलब्ध गराइसकेको छ । त्यस्तै दोस्रो चरणमा छ करोड रुपैयाँ चालु आवमा नै भुक्तानी गरिसकेको छ । आयोजनाको कूल लगानीको ५ प्रतिशत शेयर कर्णाली प्रदेश सरकारले उपलब्ध गराउने छ । विद्युत् खरिदबिक्री सम्झौतामा तोकिएको तालिकाअनुसार २०८६ साल असारभित्र आयोजना सम्पन्न गरी विद्युत् उत्पादन गर्ने सुरु हुनेछ ।
आयोजना सम्पन्न गर्न कूल लागतको ७० प्रतिशतले हुन आउने १६ अर्ब ९२ करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थाबाट ऋण जुटाइने छ । ऋण बाहेकको ३० प्रतिशत सात अर्ब २५ करोड रुपैयाँ स्वपुँजी लगानी जुटाउने तयारी गरिएको छ । सोही कम्पनीले नै ८२ दशमलब तीन मेगावाट क्षमताको को जगदुल्ला 'ए' आयोजना पनि निर्माण गर्ने तयारी गरेको छ । आयोजनाको प्रवद्र्धक कम्पनीमा विद्युत् उत्पादन कम्पनीको २६ प्रतिशत, हाइड्रोइलेक्ट्रिसिटी एण्ड डेभलपमेन्ट कम्पनीको १० प्रतिशत, नेपाल विद्युत् प्राधिकरणको नौ प्रतिशत बराबरको शेयर स्वामित्व छ । यस्तै, कर्णाली प्रदेश सरकारको पाँच प्रतिशत र प्रभावित क्षेत्रका दुई पालिका मुड्केचुला र जगदुल्लाको एक प्रतिशत शेयर स्वामित्व छ । बाँकी रहने ४९ प्रतिशत शेयर सर्वसाधारणका लागि बिक्री गरिनेछ । हाल पहुँचमार्ग निर्माणको काम जारी छ । आयोजनाको विस्तृत इञ्जिनीयररिङ अध्ययन सम्पन्न भइसकेको छ । आयोजनाका लागि दुई सय दुई सय ६० रोपनी जग्गा तथा १४ वटा घर टहराको अधिग्रहण भइसकेको छ ।

# खानेपानी तथा सरसफाइ सम्मेलनः २० बुँदे काठमाडौँ घोषणापत्र जारी



**रासस**
**काठमाडौँ ।**
सबैका लागि सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता (बास) सेवामा विश्वव्यापी, समतामूलक, समावेशी र दिगो पहुँचका सिद्धान्तलाई आत्मसाथ गर्दै दिगो विकास लक्ष्यअनुरूपका राष्ट्रिय लक्ष्य पूरा गर्ने प्रतिबद्धतासहित २० बुँदे घोषणापत्र जारी गरी खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।
खानेपानी मन्त्रालयको आयोजनामा मङ्गलबारदेखि सुरु सम्मेलनले जनस्वास्थ्य, वातावरणीय दिगोपना र सामाजिक विकास प्रवद्र्धनमा बासको महत्वपूर्ण योगदान रहने निष्कर्षसहित जारी २० बुँदे घोषणापत्रमा समन्वय, सहयोग र क्षेत्रगत साझेदारीलाई फराकिलो बनाउने उल्लेख गरिएको छ । सम्मेलनपछि बुधबार जारी घोषणापत्रमा नेपालको संविधान, राष्ट्रिय बास नीति २०२३, खानेपानी तथा सरसफाइ ऐन २०२२ लाई मध्यनजर गर्दै तेस्रो खानेपानी सरसफाइ सम्मेलन २०२३ ले सिफारिस गरेका विषयलाई देशको क्षेत्रगत विकास, योजना र अद्यावधिक योजनामा सामेल गर्न अनुरोध गर्ने उल्लेख छ ।
यस्तै राजनीतिक प्रतिबद्धतालाई उत्प्रेरित गर्दै दिगो विकास लक्ष्य पूरा गर्न विश्वव्यापी, समतामूलक, दिगो खानेपानी तथा सरसफाइका सेवा प्राप्त गर्नका लागि सरोकारवालाबीच समन्वयका संयन्त्रको विस्तार गर्ने तथा विश्वसनीय र सुधारिएको सेवा प्रदानका लागि सेवा प्रदायकलाई दक्ष बनाउन उपयुक्त अन्तरसरकारी समन्वय संयन्त्रका साथै वास प्रणाली सुदृढीकरणका लागि स्थापित संस्थागत र सुशासनलाई व्यवस्थित गर्ने घोषणापत्रमा समेटिएको छ । सम्मेलनले सरसफाइ सेवाका सम्बन्धमा सरसफाइ मूल्य शृङ्खलामा पानी र सरसफाइ सेवाको म्यापिङ, सहजीकरण, इजाजतपत्र, नियमन र मानकीकरणका लागि कार्यक्रम गर्ने, खानेपानी तथा सरसफाइ ऐनले सबै तहमा अनिवार्यरूपमा बास सेवाको नियमनका लागि स्थापित संस्थालाई परिचालन गर्ने र नियामक संस्थाको उपयुक्त क्षमता निर्माण पनि निष्कर्ष निकालेको छ । सुरक्षितरूपमा व्यवस्थित खाने पानी आपूर्ति सेवामा पहुँचको सुनिश्चिता गर्ने, खानेपानीको गुणस्तर अनुगमन र निगरानीमा स्थानीय सरकार र अन्य सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्ने, राष्ट्रिय खानेपानी गुणस्तरको मापदण्डअनुरूप सेवा सुनिश्चित गर्ने पनि घोषणापत्रमा उल्लेख छ ।
राष्ट्रिय सरसफाइ र स्वच्छता अभियान कार्यान्वयन गर्न नगरपालिकाव्यापी समावेशी सरसफाइ दृष्टिकोण अपनाउने र घरेलु फोहर पानीलाई जम्मा गर्ने, ढुवानी, प्रशोधन र सुरक्षितरूपमा विसर्जन गर्ने कार्यलाई तीव्रता दिने; पुनःप्रयोगको अर्थतन्त्रका सिद्धान्तलाई ध्यानमा राख्दै मल, मूत्र र ठोस फोहरलाई सुरक्षितरूपमा व्यवस्थापन गर्न पहल गर्ने सम्मेलनको निष्कर्ष छ । यस्तै अन्तरक्षेत्रीय संवाद, समन्वय, सहयोगमा शिक्षा र पहलका लागि सूचना रणनीतिक योजना तयार गर्ने, प्रणालीगत सेवा प्रदेश र स्थानीय सरकारका सेवा प्रवाहमा सुधार गर्न र नियमन बढाउन मद्दत गर्न सङ्घीयस्तरको संरचना निर्माण गर्ने, विश्वव्यापी, समतामूलक, समावेशी र दिगो सेवा प्रवाहका लागि तीन तहका सरकारको क्षमता विकास गुरुयोजना तयार गरी परिचालन गर्ने निष्कर्ष निकालिएको छ । तीन तहका सरकारबाट सबै स्थानीय तहमा हात धुने कार्यक्रम कार्यान्वयनका लागि आधारभूत योजना निर्माण गर्ने, सरसफाइ अभियानलाई प्रभावकारी बनाउन अन्य क्षेत्रीय योजनासँग जोडेर काम गर्ने, कुशल, सहयोगी र समावेशी बास योजनालाई प्रभावकारी बनाउन अनुसन्धान र सिकाइका लागि शिक्षा र अनुसन्धान संस्थासँग समन्वय गर्ने, निजी क्षेत्रको विशेषज्ञता र लगानीको लाभ उठाउँदै पूर्वाधार र सेवामा रूपान्तरणकारी प्रविधिको प्रयोगसहित सेवा प्रवाहमा वृद्धि गर्न सार्वजनिक निजी साझेदारीका लागि सक्षम वातावरण सिर्जना गर्ने पनि घोषणापत्रमा उल्लेख छ । यस्तै घोषणापत्रमा दिगो विकासका लक्ष्य प्राप्त गर्न र लगानी सुरक्षित गर्न बलियो आर्थिक खाका र बास वित्तीय रणनीति तयार गरेर परिचालन गर्ने एवं समावेशी, हरित, लचिलो र समावेशी विकासँग बास लगानीलाई पङ्क्तिबद्ध गर्ने, तीनै तहका सरकार र क्षेत्रका सरोकारवालालाई समर्थन गर्न, जलवायु लचिला बास सेवा वितरण ढाँचा र मापदण्ड विकास गर्ने तथा जलवायु र प्रकोप प्रतिरोधी बास योजना र कार्यक्रम अघि बढाउने उल्लेख छ । घोषणापत्रमा बास क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिँदै अग्रपङ्क्तिका सरसफाइ कामदारका लागि व्यावसायिक स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्नेलगायत समतामूलक पहुँच, अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, तीन तहका सरकारबीच अन्तरक्षेत्रीय सहकार्यमा सुधार गर्दै सरसफाइ सङ्घसङ्गठनसँग समन्वय गर्ने, जसका लागि उपयुक्त आमसञ्चारमाध्यमको प्रयोगमार्फत समन्वय र सुसूचित गर्न पहल गर्ने तथा समुदाय र सार्वजनिक संस्था दुवैमा बास सेवाको कार्यान्वयन र वितरणका लागि अन्तरक्षेत्रीय सहयोगलाई बढावा दिने उल्लेख छ । साथै एकीकृत जलस्रोत व्यवस्थापनमार्फत जलस्रोतको संरक्षण, जमिनमुनिको पानीको पुनर्भरण, वासक्षेत्र र तिनका जलाधारमा पूर्वचेतावनी प्रणालीको विकास गर्ने कार्यक्रम कार्यान्वयनमा जोड दिने घोषणापत्रमा समावेश गरिएको छ ।

# ओलाङचुङगोलामा सीमा प्रवेशपत्र वितरण

**रासस**
**ताप्लेजुङ ।**
ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ ओलाङचुङगोलामा सिमा प्रवेशपत्र वितरण गरिएको छ । टिप्ताला नाका खुल्ने भएसँगै चीनको रियू आउजाउ गर्नका लागि सीमा प्रवेशपत्र वितरण गरिएको हो । गत साता प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङको नेतृत्वमा जिल्ला प्रशासनका कर्मचारी, सुरक्षा निकायका प्रमुख र फक्ताङलुङ गाउँपालिका अध्यक्ष राजन लिम्बूको टोली ओलाचुङगोला पुगेर सीमा प्रवेशपत्र वितरण गरेको जनाइएको छ ।
प्रमुख जिल्ला अधिकारी चेम्जोङका अनुसार पहिलो चरणमा फक्ताङलुङ गाउँपालिका–७ ओलाङचुगोला र याङ्मा क्षेत्रका बसोबास गर्ने ८८ नागरिकलाई सीमा प्रवेशपत्र उपलब्ध गराएको हो । उनले भने, 'टिप्तालमा नाकासम्म यातादेखि हामी पुग्यो । डिङ्जे काउन्टीका प्रतिनिधि पनि नाकासम्म आउनुभयो । दुई पक्ष भेटघाट भयो ।' दसैँ तिहारबीचमा टिप्ताला नाका खुल्न सक्ने जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले जनाएको छ । डिङ्जे काउन्टी र फक्ताङलुङ गाउँपालिका, जिल्ला प्रशासन तापलेजुङका त्रिपक्ष सहमतिमा सीमादेखि ३० किलोमिटरसम्म बसोबास गर्ने नागरिकलाई पहिलोचरणमा सीमा प्रवेशपत्र उपलब्ध गएको फक्ताङलुङ गाउँपालिकाले जनाएको छ । विस्तारै प्रथमिकताका आधारमा फक्ताङलुङ गाउँपालिकामा बसोबास गर्ने नागरिकलाई समेत सीमा प्रवेशपत्र उलब्ध गराउँदै जाने गाउँपालिकाले जनाएको छ । जिल्ला प्रशासनका अनुसार प्रवेशपत्रका समय अवधी एक वर्ष हुने छ । प्रत्येक वर्ष सीमा प्रवेशपत्र जिल्ला प्रशासन कार्यालयमा नवीकरण गर्नुपर्ने हुन्छ । कोभिड–१९ कारण विगत चार वर्षदेखि टिप्ताला नाका बन्द छ । लामो समय नाका बन्द हुँदा सीमावर्ती क्षेत्रमा व्यापार ठप्प भएको छ ।
सीमा क्षेत्रमा बसोबास गर्ने समुदायको व्यापार ठप्प हुँदा आर्थिक सङ्कट खेप्दै आएको स्थानीय बताउँछन् । गलैँचा, जडीबुटी साथै नेपालबाट उत्पादित सामग्री चीन निर्यात बन्द हुँदा सीमा क्षेत्रमा बसोबास गर्ने समुदायको आर्थिक सङ्कटमा पर्दै गएको जनाइएको छ । हिमाली क्षेत्रका समुदायले चौँरी याक गोठबाट जीविका गर्दै आएका छन् तर, चीनमा याक निर्यात नहुँदा दैनिक चलाउनै मुस्किल भएको स्थानीयवासीको भनाइ छ । याङमाका फिन्चो शेर्पाको पनि गोठमा चार वर्षदेखि याक बिक्री भएको छैन । शेर्पाको चार वर्षअघि २५ याक रहेकामा अहिले ९० हाराहारीमा छन् । समुद्र सतहदेखि तीन हजार पाँच सय मिटरदेखि पाँच हजार मिटरसम्मको उचाइ याकको चरन क्षेत्र हो । चीनका विभिन्न क्षेत्रमा नेपाली याक, याकका बाछा र चौँरी याकबाट उत्पादित छुर्पी, घ्यूका साथै पशुजन्य वस्तु चीनका बजारमा राम्रो मूल्यमा बिक्री हुने गरेको याङ्माका सोनाम शेर्पाले बताए । चीनका विभिन्न बजारमा एउटा याकको ५० हजारदेखि एक लाख ५० हजारसम्म मूल्य पर्ने जनाइएको छ । यसैले त हिमाली क्षेत्रका समुदायले याक पालनप्रति आकर्षित हुँदै गएको हुन् तर चार वर्ष देखि कोभिड–१९ का कारणले ताप्लेजुङदेखि चीन प्रवेश गने मुख्य नाका टिप्ताला नाका साथै अन्य नाकासमेत बन्द गरेसँगै याक बिक्री हुन सकेको छैन । हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायको पुर्खौली पेसा हो याक पालन नै हो । उच्च हिमाली क्षेत्र भएकाले याकबाहेक अन्य पशुचौपाय तथा खेतीपाती पनि हुँदैन । जिल्लामा फुङ्लिङ नगरपालिकासहित नौ स्थानीय तह रहेको छ । सबै पालिकामा बसोबास गर्ने उच्च हिमाली क्षेत्रका समुदायले याकपालन गर्दै आएका छन् ।
चीनका भिन्न बजारमा याक राम्रो बजार मूल्यमा बिक्री हुने भएकाले याकपालन व्यवसायलाई निरन्तरता दिँदै आएको उनीहरूको भनाइ रहेको छ । तर लामोसम्ममा पनि याक बिक्री नहुदाँ किसान निरासा हुँदै गएका छन् । बिक्री नभएपछि याक सङ्ख्या बढ्दै गएका छन्, भने किसानको आर्थिक सङ्कटले गर्दा दानापानी खुवाउन मुस्किल भएको छ । चरन क्षेत्रको समेत अभावले चौँरी याक भोगले मर्न पर्ने अवस्थासमेत भएको पोक्पेगोलाका चौँरी याक पालक दोर्जे शेर्पाले बताए । टिप्ताला नाका खुलाउने प्रक्रियामा भइरहेको जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले जनाएको छ ।

आफ्नो तर्क बढाउ,
स्वर होइन ।
– महान रुमी

## सम्पादकीय

## वाक् तथा अभिव्यक्ति स्वतन्त्रता कामय गर !

संविधानको मौलिक हक अन्तर्गत नै वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था गरिएको छ ।मुलुकमा लोकतन्त्रका लागि संघर्ष हुनु भन्दा अघिसम्म राजतन्त्र, राणातन्त्रदेखि पञ्चायकालिनसम्मका तन्त्रमा बोल्नसम्म कुनैपनि नागरिकलाई स्वतन्त्रता दिइएको थिएन । फलस्वरुप लोकतन्त्रका लागि आन्दोलन भयो । आन्दोलनका मुख्य नारा वाक् तथा अभिव्यक्ति स्वतन्त्रतालाई बनाइयो । त्यतिबेला यस माध्यमबाट मुलुकमा राजनीतिक दलहरुले विभिन्न पत्रपत्रिका तथा पोस्टर पम्पलेटलगायतका माध्यमबाट आ–आफ्नो विचार लेखेर र विभिन्न ठाउँमा मञ्चिय कार्यक्रम गरेर लोकतान्त्रिक आन्दोलनलाई सशक्त बनाउने माध्यम बनाइएको थियो ।विगतको आन्दोलनको बलममा मुलुकमा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाललगायतका राजनीतिक दलहरुले विभिन्न आन्दोलन, सशस्त्र युद्धदेखि मधेश आन्दोलनसमेत गरेर अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आएको छ । मुलुकमा संघीयता अभ्याससहितका कार्यान्वयन भएको करिब सात वर्ष भइरहेको छ ।संघीयतासहितको गणतन्त्रात्मक व्यवस्था अनुसार संविधान प्रदत्त कानूनहरु निर्माण चरणमा छ । एकातिर कानून निर्माण, अर्का तर्फ तीन वटै सरकारले गरेको कामकाजको आलोचना विवेचनासहितको क्रिया प्रतिक्रियाहरु समेत सहजै देख्न र पोख्न सकिरहेको छन्, सर्वसाधारणले ।विगतको युग भन्दा अहिलेको युग निकै नै आधुनिकतासँगै परिस्कृत हुँदै गएको छ ।विगतमा हरेक नागरिकले विचार पोख्न सक्दैनथेँ । किनभने त्यतिबेला अहिलेको जस्तो पोख्नका लागि विभिन्न माध्यमहरु थिएन । विगतमा सिमित व्यक्तिले समाजको अगुवाई गर्दै एकै व्यक्तिले अनेकनका भावहरु लेखेर पोख्थे । तर अहिलेको जमानामा हरेक व्यक्तिले तत्कालै प्रतिक्रिया दिइरहेका छन् । जुन कुरा धेरैका ला िग पाचनयोग्य हुँदैन । अहिलेको वर्तमान आधुनिक युग भनेको सामाजिक सञ्जालको माध्यम हो । सामाजिक संजालमा पनि विभिन्न खाले अभिव्यक्ति पोख्नलाई, टिकाटिप्पणीका लागि, आलोचना तथा प्रतिक्रिया जनाउनका लागि निकै नै सहज र सहर्ष माध्यम बनेको छ ।जहाँ बसेर पनि जुनसुकै बेलापनि आफ्नो मन भावमा लागेको विचार छोट्याएर कोट्याएर खेँलाचीपुर्वक तस्विरसहित सामाजिक संजाल माध्यमले सार्वजनिक गरेलगत्तै कुनै शीर्ष नेतादेखि सरकारसम्मले भनेका, गरेका र देखिएका कुराहरुमा तत्कालै सार्वजनिकरुपमा टिप्पणी गरिहाल्छन् ।सोही क्रममा मधेश प्रदेशको राजधानी जनकपुरधाममा मधेश आन्दोलनका आन्दोलनकारी चिकित्सकले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बोल्नु भएको अभिव्यक्तिलाई लिएर कडा टिप्पणी गरे । जुन मधेश प्रदेश सरकारका लागि समेत निकै चुनौतिपुर्ण थियो । सोही आरोप सहन नसकेर मुख्यमन्त्रीले चिकित्सकलाई भनसुनकै आधारमा प्रहरी मार्फत नियन्त्रणमा लिई कागजात बनाई रिहा समेत गरिसकेका छन् ।यो घटना हेर्नमा सामान्य लागेपनि यो निन्दनीय छ । यो वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको विरोधी घटना हो । सरकारले आफ्नो बोली विचार र व्यवहारमा नियन्त्रण नगर्दाको नमूनासहितको उदाहरणयुक्त घटना हो । आन्दोलनबाटै निर्माण भएको सरकारले विगतमा अरुको सरकारालाई पनि गालीगलौचसहित कडा आलोचना गरेरै अहिले सरकारमा पुगेकाहरुले अहिले विगतकै सरकारको झझल्को दिने गरी कार्यको विरोध गर्दा किन राणकालिन तानाशाही बन्न उद्धत छन्, सरकारका अगुवाहरु ? किन आमजनका समस्या, जनजिविका र देश, प्रदेश तथा स्थानीय विकासप्रति गम्भीर हुन नसकेको हो ? भन्ने यावत प्रश्नहरु खडा हुने गरेको छ । यसप्रति सजग र सचेतता अपनाउन नचाहने राज्यले जनताको भलो चाहने भन्ने अपेक्षा के आमजनले राख्न नपाउने नै भए त ?त्यसैले राज्य अझैपनि गम्भीर भएर आमजनका लागि काम गर, आलोचना सुन्ने क्षमताको विकाससँगै कामकाज गर्ने वाणि बसालौँ, जनता मालिक हुन् भन्ने ध्येय विर्सिनु गलत मानसिकताको उपज हुनेछ ।चेत भएमा !

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# मिथिलाको ऐतिहासिक स्थल सर्लाहीको मुर्तिया



वीरेन्द्र रमण

तत्वज्ञानको प्रारम्भिक विकासमा पंचाल काशीको नाउँ आएको भएपनि दार्शनिक पक्षको निरन्तर चिन्तन, मनन, वादविवाद र समुत्कर्षमा मिथिलाको नाउ सर्वोपरि छ भन्ने कुरामा विवाद छैन । जनकपुरको राजवंश आफनो ज्ञान गरिमाले सदैव विदेह कहलायो भने प्रजापालन कार्यमा सदैव बाबुको कर्तव्य निभाएकाले जनक कहलियो । राजाहरुको महाराजा, राजाधिराज सम्राट, आदि विशिष्ट शक्तिहरु सम्पन्नता देखाउने पदवीलाई छोडेर जनकपुरका राजा सदैव राजर्षि कहलिए । यसले जनकपुरको महत्वलाई दर्शाउँछ । आर्य जातिको अन्त्य उत्कर्ष काल, त्रेतायुगमा भएका राजा रामले आर्य सभ्यताको मर्यादा पालनले मर्यादा पुरुषोत्तम भन्ने पदवी प्राप्त गरे भने त्यस युगको दार्शनिक चिन्तनका साथै समस्त प्रजा वर्गमा समभावले जनक पदवी प्राप्त गरेका शीरध्वजको आर्य संस्कृतिमा त्यतिकै महत्वपुर्ण स्थान छ । विदेश वा मिथिला, भुभागको दृष्टिले एउटा निकै ठुलो क्षेत्र छ । यस भुभागभित्र बस्ने समाज, आफुलाई मैथिल मिथिलावासी भन्न रुचाउछन । मिथिलाको पुरातन काल देखिकै राजधानी जनकपुर नै रहेको छ र वर्तमान नेपालको पहाडि भुभभाग पनि राजा शीरध्वजको समयमा विदेह वंशकै राजा कुशध्वजद्वारा प्रशासित रहेको कुरा वाल्मीकि रामायाण सहितको ग्रन्थहरुमा पाइन्छ । यस क्षेत्रमा सम्पादहरुले भरिपुर्ण अवस्था छ । अर्थात सम्पादले भर्रिका छन् । तर यस खालको सम्पदाहरुको संरक्षण र यसको अध्ययन भएको पाइन्छ । यस्तै सम्पादा मध्ये एक हो सर्लाहीको मुर्तियामा रहेको खण्डित मुर्तिहरुको विशाल भण्डार । यस स्थानमा रहेको शिव मन्दिर जो कुनै कारणले भत्कीए त्यो निकै भव्य थियो भन्ने विश्वास गर्न सकिन्छ ।

ऐतिहासिक तर वेवारिस थुप्रै मन्दिरको भग्नावशेषभित्र र बाहिर रहेको देवि देवताका कलात्मक मुर्तिहरु, बुद्धकालिन मुर्तिहरु र स्वर्गका अप्सराहरुको अर्धनग्न मुर्तिहरु वर्षेदेखि संरक्षणको पर्खाईमा रहेका छन । यहा रहेका मुर्तिहरुको संरक्षणको जुन रुपमा प्रयास हुनुपर्ने हो त्यस अनुसारले प्रयास गरिएको देखिदैन । अर्को तर्फ यस स्थानको विषयमा खोजको समेत आभाव देखिएको छ । यो स्थल मिथिला संस्कृति र सम्पदाले भरिपुर्ण मात्रै हैन एउटा सभ्यताको विषयमा समेत जानकारी दिने गरेको छ । यस स्थलको मसिनो गरि अध्ययन भयो भने सम्पुर्ण मिथिलाको कालखण्डको नै तथ्यलाई उजागर गर्ने सकिन्छ । मिथिलाको विषयमा जे जति खोज अनुसन्धानहरु भए ती सबै अनुसन्धन मुर्तिया क्षेत्रको विषयमा मौन जस्तै रह्यो त्यसकारण समेत यस स्थानको खोज उचित रुपमा हुन सकेको छैन । तर यस प्राचीनकालको वैभवलाई झल्काउने गरेको छ ।

सर्लाही जिल्लामा राजमार्गबाट १४ किलोमिटर दक्षिण तथा मंलगबा देखि ४२ किलोमिटर पश्चिम तर्फ बरहथवा नगरपालिकामा अवस्थित रहेका छन । मुर्तिया क्षेत्रमा पहिले शाकाहारी तथा मांसाहारी वन्यजन्तु प्रशस्त पाइने घनाजंगल रहेको थियो । बिक्रम संवत २०१२ सालपछि त्यहा जंगल फडानी गरि आवादी सुरु भयो । त्यसपछि यस ठाउका विषयमा उजागर भयो । मुर्तियास्थित मन्दिरका व्यवस्थापन समितिका संयोजक रामबहादुर महतोका अनुसार २०१७ सालमा मोहनसिंह नामक एक जोगि गाई लिएर आएको र उनलाई सपनामा कुनै अदृश्य शक्तिले हाल मुर्तिया भनिने गाउको माझमा अवस्थीत पुरातात्विक अवेशषहरु सहितको ढिस्कोमा उत्खनन गरे थुप्रै सम्पतिका साथै देविदेवता मुर्तिहरु फेला पर्ने छ भन्ने जानकारी दिए अनुसार देखाइएको स्थानमा उत्खन्न गर्दा भग्नावशेषभित्र मन्दिरको जगको बीचमा शिवलिंग भेटिएको थियो । मन्दिरको अवस्थालाई हेर्न हो भने यसले कुनै समयमा यो मन्दिर ऐतिहासिक मात्रै हैन कलाले भरिपुर्ण र भव्यता पुर्ण थियो भनेर सहजै बुझ्न सकिन्छ ।

त्यही बेला देखि त्यहा पुजाअर्चनाको सुरुवात भएको र यज्ञसमेत गरि शिवलिंगको नामाकरण मुक्तेश्वर महादेव गरिएको बताइन्छ ।

काशी भारतबाट वि.सं ० २०२७ मा स्याली बाबा नामक जोगि मुर्तिया आई ठुलो यज्ञ गरेको र यज्ञ समापनको दिन भण्डारा (भोज) पकाउन आगो बालेकै स्थानमा भोली पल्ट उत्खनन गर्दा भग्नावशेष भित्र पुन ः चकेश्वर महादेव लिंग फेला परेको स्थानियवासीहरुको कथन रहेको छ । अहिले सम्म त्यहाँ विभिन्न आकार प्रकारका चार वटा ठुला ठुला मन्दिरहरुको भग्नावशेष फेला परिसकेको छ । त्यो मन्दिर परिसर भित्र मुर्ति नै मुर्ति भेटिएको कारणले समेत यस स्थानको नाउ मुर्ति पर्न गएको हो भन्ने सहजै अनुमान लगाउन सकिन्छ । गाउको अन्य कुनैपनि ठाउमा यतीको संख्यामा मुर्ति नभिटएको कारणले यस स्थान कुनै कालखण्डमा भव्य मन्दिर थियो भन्ने सहज बुझ्न सकिन्छ ।



त्यहा करिब ५ कठठा जति जमिनको ढिस्कोमा एक कुटिपनि रहेको जहा पुजारी बस्ने गर्दछन । त्यहा एक ईनार र सुरुंग पनि पाईएको छ । त्यहा वरपर खानजोत गर्दा प्राचीन वस्तुहरु ईटाढुंगाहरु पाइने गर्दछन । त्यसैले यस स्थानलाई प्राचीन धार्मिक ठाउ मान्न सकिन्छ । यहा पाइएको पुरातात्विक महत्वका संरचनालाई हेर्ने हो भने यो स्थान कुनै समयमा अतिभव्य शिवालय थियो भन्ने देखिन्छ । यो स्थानमा कुनै समयमा प्राकृतिक विपति आएको होला र यो वैभव पुर्ण मन्दिर भत्कीएको होला भन्ने एउटा अनुमान छ भने अर्को कुनै समयमा यस एउटा फरक धर्मव्दारा भत्काइएको होला भन्ने अनुमान लगाउन सकिन्छ ।

मुर्तियालाई तिरहुत राज्य अन्र्तगतको एउटा महत्वपुर्ण स्थानका रुपमा लिन सकिन्छ । प्राप्त कलाकृतिका आधारमा यसको निर्माणकाल लगभग १२ औ शताब्दीताको हुन सक्ने देखिन्छ । शिखरशैलीको यो मन्दिर ईशाको १२ औ शताबदीताको हुन सक्ने देखिन्छ । शिखरशैलीको यो मन्दिर ८ मिटर वर्गाकार क्षेत्रमा भत्किएर थुप्रो लागेको छ । वर्गाकार यस मन्दिरको निर्माण मौलिक छ । यसको चारै तर्फ प्रदक्षिणपथको अवशेष अहिलेपनि विद्यमान छन । प्रदक्षिणापथसम्म जानका लागि सिढिहरुको व्यवस्था देखिन्छ । वास्तवमा मन्दिरको अधिसंरचना नष्ट भईसकेको छ । तापनि बांकी रहेको आधार भागबाट यस मन्दिरको उचाईको अनुमान सम्म गर्न सकिन्छ ।

यस मन्दिरको मुख्य प्रवेशव्दार पश्चिमामुख छ । प्रवेशव्दारसम्म जानका लागि सिढिहरुको व्यवस्था गरिएको छ । सिढिमाथिको अन्तिम भाग अर्थात मुलढोकाको ठेलोको रुपमा विशाल एउटा प्रस्तर खण्ड रहेको छ । ४५६ सेन्टीमिटर लामो ४४ सेन्टीमिटर चौडा कलात्मक यो प्रस्तर खण्ड लगभग १० टन भन्दा पनि अधिक वजनको प्रतीत हुन्छ । मन्दिरको भित्र योजना वर्गाकार देखिन्छ तर बाहिरी भाग भने आयताकार छ । जसको लम्बाई ६२० सेन्टीमिटर र चौडाई ४१६ सेन्टीमिटर रहेको छ । लम्बाई र चौडाईको आधारमा यस मन्दिरको उचाई लगभग १८०० सेन्टीमिटर हुन सक्ने सम्भावना देखिन्छ । मन्दिरको गर्भगृहमा अत्यन्त कलात्मक विशालकाय पाषाणपटट रहेको छ । जसको लम्बाई ३६० सेन्टीमिटर र उचाई ४५ सेन्टीमिटर छ । एउटै मात्र प्रवेशव्दार भएको यस मन्दिरको प्रत्येक कोणमा दुई दुई पाषाण स्तम्भका अवशेषहरु देखिन्छ भने प्रवेशव्दारका दायबाय अरु दुई पाषण स्तम्भको खण्डित भाग आज पनि विद्यमान देखिन्छ ।

गर्भगृहभित्रको अलंकारयुक्त पाषाणपटटमा कुदिएका कलात्मक अन्यन्त मनमोहक छ । पुष्पलताव्दारा अलंकृत यस शिलाखण्डमा नौवटा वर्तुलाकार प्रतिमापटट रहेका छन । उक्त कलात्मक प्रतिमापटटको पृष्ठभुमि भित्रको कमलासनमाथि विभिन्न मुद्र र भावभंगिमा अनेक देविदेवताका मुर्तिहरुको प्रस्तुती बडो रोचक छ । पाषाण खण्डमा यस प्रकारको सुक्षम कलाकारिताको अंकन अव्दितिय मानिन्छ । यस पाषणपटटको दुई तर्फ पाश्र्वभागमा कुदिएका सिंहका मुर्तिहरुको जति प्रशंसा गरेपनि पुग्दैन । यहि क्षेत्रमा विभिन्न प्रकारको पुरातात्विक संरक्षहरु पाइने गरिएको छ । एक प्रकारले भन्ने हो भने यो मिथिलाको खुला संग्रहालय पनि हो । समय समयमा पुरातात्व विभागले उत्खनन गर्ने गरेपनि अहिले सम्म उत्खन्न पुर्ण हुन सकेको छैन ।तर यस खुला स्थानको विषयमा अध्ययन भएको देखिदैनन । पुरातत्व विभागले यहा प्राप्त भएको मुर्तिहरुको विषयमा अध्ययन गरिएको देखिदैनन । कतै त कतै यो एक प्रकारले समृद्ध सम्पदा राज्यकै दृष्टिबाट उपेक्षीत छन ।

### मुर्ति चोरी हुँदै, दुव्र्यसनीको अड्डा बन्दै

अहिले मुर्तियामा रहेको एतिहासिक मुर्तिहरु चोरी हुने गरेको छ भने मन्दिर क्षेत्र नै लागु औषध सेवन कर्ताहरुको अडडा बनेको छ । बि सं २०२७ सालमा तत्कालीन राजा महेन्द्र शाहको पहलमा सो स्थानको उत्खनन गरिएको थियो । उत्खननबाट सयौंको संख्यामा मूर्तिहरू फेला परेका थिए । मूर्तिहरूको संरक्षण गर्न पहल नगरिदा धेरै मूर्तिहरू चोरी भइसकेका छन् । करीब दुई विघा जग्गामा उत्खनन गरिए पनि थप उत्खनन र संरक्षणको कार्य हुन सकेको छैन । कलात्मक कला प्रयोग गरिएको देखिने ती मूर्तिहरू हजारौं वर्ष पहिलेका भएको अनुमान पुरातत्व विभागको अनुमान छ । बागमती नदीकिनारमा रहेको मूर्तियामा कुनै राजाको ठूलो दरबार हुनसक्ने अनुमान गरिएको छ ।

मुर्तिया मन्दिरको संरक्षण समितिका महतोले समेत मन्दिरमा कतिपय मुर्तिहरु चोरी भएको बताउदै आफुहरुले यसको संरक्षणमा सक्दो प्रयास गरिरहेको बताउदै मन्दिर प्राणंगमा खुल्ला रुपमा मुर्तिहरु रहेको कारणले गर्दा नै चोरी हुने गरिएको छ । मन्दिर संरक्षणको लागि सरोकारावालाको ध्यान अहिले सम्म नगएको स्थानियवासीहरुको कथन रहेको छ । उहाका अनुसार यस मन्दिरको विषयमा गम्भीर अनुसन्धान समेत नभएको महतोको कथन रहेको छ । संस्कृति विद राम दयाल राकेशले आफु प्रज्ञा प्रतिष्ठानमा रहदा मुर्तियाको विषयमा सेमिनारको आयोजना गरेपनि यसको संरक्षण र मन्दिरको अध्ययनमा राजनितिक उदासिनता रहेको कारणले नै पछाडि परेको जानकारी दिए । उनले प्रदेश र स्थानिय सरकारले यसको संरक्षणमा ठोस योजना ल्याएर संरक्षण गर्नुपर्नेमा जोड दिए । सबैभन्दा पहिले यस स्थानमा मिथिलाको ईतिहास र सभ्यताका जानकारहरुलाई भेला गराएर यस स्थानको विषयमा जानकारी प्राप्त गर्नुपर्छ । त्यसपछि यसलाई अन्र्तराष्ट्रिय रुपमा उजागर गरेर विश्वकै व्यक्तिलाई अध्ययनको लागि तान्न सकिने छ । नेपाल आउने अधिकांस पर्यटकहरु उता जानै सकेको छैन । यसलाई समेत लगिने वातावरणको निर्माण गरिने पर्ने आवश्यकता देखिएको छ । तब मात्रै यस स्थलको संरक्षण र प्रवद्र्धन हुनेछ ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्भा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने दोषीलाई कारबाही गर्न गृह मन्त्रालय प्रतिबद्ध

**रासस**
**काठमाडौँ ।**
गृह मन्त्रालयले केही समययता मकवानपुर, कञ्चनपुर, लमजुङ, कास्कीलगायतका जिल्लाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीमाथि भएका आक्रमणका घटनाप्रति गम्भीर रहेको जनाएको छ । मन्त्रालयले उल्लिखित घटनामा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने कार्यमा संलग्न देखिएका दोषीलाई प्रशासनिक एवं कानुनी कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।
समय–समयमा देखिएका यस्ता समस्या समाधान गर्न यही असोज ९ गते उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिको उपस्थितिमा बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय र सबै जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिसकिएको मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले जानकारी दिनुभयो । कास्कीमा घटेको घटनामा दोषी देखिएका सुरक्षाकर्मीमध्ये एक जनालाई केन्द्रमा सरुवा गरिसकिएको र अर्का एक जनालाई कानुन बमोजिम निलम्बनसमेत गरिसकिएको उनले बताए ।
गृह मन्त्रालयले भनेको छ, ‘अतः स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई सबै प्रकारका विरोधका कार्यक्रम अन्त्य गरी आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्दै आ–आफ्नो कार्यक्षेत्रमा फर्किन आह्वान गरिन्छ ।’
साथै सबै नागरिकलाई पनि स्वास्थ्यकर्मीमाथि आक्रमण गरेमा प्रचलित कानुन बमोजिम कडा कारबाही हुने कुराको जानकारी गराउँदै स्वास्थ्य क्षेत्रलाई सुरक्षित बनाउन सबैले आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न मन्त्रालयले अनुरोध गरेको छ । मन्त्रालयका अनुसार देशका सबै स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (संशोधन सहित)ले गरेको कसूर र दण्ड सजायसँग सम्बन्धित व्यवस्था उल्लेख भएको सार्वजनिक सूचना सबै नागरिकले सहजै देख्ने गरी राख्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने निर्णय भएको छ । यस्तै पछिल्लो समयमा देशका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीमाथि भएका दुव्र्यवहारका घटनामा संलग्न देखिएका दोषीलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (संशोधन सहित) बमोजिम कारबाही गर्न मातहतका निकायलाई निर्देशन दिने निर्णय पनि भएको मन्त्रालयले जनाएको छ । ऐनमा व्यवस्था भएको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सुरक्षासम्बन्धी समन्वय समितिको बैठक नियमित राखी प्रभावकारी कार्यान्वयनको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने निर्णय पनि भएको गृह प्रवक्ता शर्माले जानकारी दिए ।

# बृहत खुल्ला योग शिविर हुने



**रासस**
**नारायणगढ ।**
भरतपुर महानगरपालिका–१ रामनगरमा वृहत खुल्ला योग शिविर सञ्चालन हुने भएको छ । पतञ्जलि योग समिति नेपालको तत्वावधान र पतञ्जलि योग समिति चितवन तथा रामनगर ठिमुरा समाज भरतपुरको आयोजनमा तीन दिने वृहत योग शिविर सञ्चालन हुन लागेको हो ।
रामनगरको पुष्पबाटीकामा यही असोज १३ देखि १५ गतेसम्म बिहान ५ देखि ७ बजेसम्म दुई घण्टा शिविर सञ्चालन गरिने भरतपुरमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।
‘कोहीपनि अस्पताल जान नपरोस्, गरौँ योग रहौँ निरोग’ भन्ने मूल नारासहित आयोजित शिविरमा पतञ्जलि योग समिति नेपालका प्रमुख वरिष्ठ योग गुरु लवदेव मिश्र प्रशिक्षक रहने समितिका संरक्षक तथा पूर्व प्रहरी नायब महानिरिक्षक ज्ञानेन्द्रविक्रम महतले जानकारी दिए ।
उनले योगाभ्यास गर्दा मानिसको शारीरिक तथा मानसिक पक्ष बलियो हुने र स्वस्थ्य समाज निर्माणमा योगले सहयोगी भूमिका खेल्ने हुँदा शिविर आयोजना गर्न लागिएको बताए । खुला रुपमा शिविर सञ्चालन गर्दा सबैको पहुँचसम्म पुग्ने हुँदा सबैले यसको फाइदा लिन उनले आग्रह गरे ।
पत्रकार सम्मेलनमा असोज १४ गते भरतपुरको रामनगरका साथै गैँडाकोटको मौलाकालिका मन्दिर परिसरमा समेत योगाभ्यासको कार्यक्रम रहेको महतले जानकारी दिए । शिविरमा दैनिक पाँच सय जनाभन्दा बढीको सहभागिता रहने आयोजकको अपेक्षा छ । योग शिविरको कार्यक्रम पश्चात भरतपुरमा योग शिक्षक तालिमसमेत प्रदान गरिने महतले पत्रकार सम्मेलनमा जानकारी दिए ।




# आज विश्व मुटु दिवस
# ‘मन लगाऔँ मुटु बचाऔँ’






डा अवनिभूषण उपाध्याय

**काठमाडौँ ।**
विश्वमा हरेक वर्ष दुई करोड मानिसको मृत्यु मुटुरोग र सम्बन्धित आर्टरीहरूको कारणले हुने गर्दछ । यो संसारको मृत्युको कारणमध्ये पहिलो हो । कुनै पनि महामारी, कुनै दुर्घटना, कुनै एड्स या कुनै अरू सरुवा रोगबाट भन्दा यो बढी हो । यो एउटा महामारीको रूपमा देखापरेको छ । यो रोगबाट बच्न र बचाउन सबैजना लागिनपर्ने हो भने कल्पना पनि गर्न नसकिने अवस्थाको सिर्जना हुने देखिन्छ । हामीले मुटु रोग भन्दै गर्दा हृदयघात बुझ्नु पर्दछ । यो रोग ठूलो भएपछि लाग्ने होइन, यो देखा पर्दा मानिस ठूलो भइसकेको हुन्छ । हाम्रा विभिन्न कारक तत्वहरूले गर्दा मुटुको आर्टरीहरुमा विस्तारै फोहर जम्मा हुँदै जान्छ र आर्टरीहरुमा भित्री भाग साँगुरिदैं जान्छ, अनि रक्त प्रवाह कम हुँदै जान्छ र साँगुरिएको ठाउँमा रक्तस्राव भयो भने त्यहाँ रगत जम्न गई आर्टरी पूरै थुनिन सक्दछ । त्यसरी थुनिएको अवस्थामा त्यसले आफूले रगत पु¥याउनु पर्ने मांसपेशीमा रगत पु¥याउन सक्दैन । मांसपेशीमा रगत नपुगेकाले खाना नपाएर मर्दछ । यो मरेको भागलाई इन्फारक्ट भनिन्छ । मायोकार्डियोल इन्फारक्ट भनेको नै हृदयघात हो । सन् १९९९ मा विश्व मुटु सङ्गठन र विश्व स्वास्थ्य सङ्घको संयुक्त प्रयासमा यो विश्व मुटु दिवस मनाउने चलन सुरु भएको हो । विश्व मुटु दिवस पहिलो पटक २७ सेप्टेम्बर २००० मा सुरु भएको हो । सन् २०११ सम्म यो दिवस हरेक सेप्टेम्बर महिनाको अन्तिम आइतबार मनाउने गरिएको थियो भने त्यसपछि सेप्टेम्बरको २९ तारिखको दिन विश्वभरि यो दिवस मनाउने गरिएको छ । यस वर्षको मुटु दिवसको नारा ‘युज हार्ट फर एभ्री हार्ट (मन लगाऔं मुटु बचाऔं) वा हरेक मुटुको लागि हृदयको प्रयोग गरौं भन्ने रहेको छ । यसको अर्थ आफ्नो मुटुको लागि हृदयको प्रयोग गरौं भन्ने हो । यस पालिको नारा मुटु बचाउन हृदयको प्रयोग गरौं भन्ने छ । अरूलाई परेका अप्ठ्यारो, वेदनाहरूप्रति पूरा सहानुभूति, पुरा प्रेमका साथ सच्चा मनले मद्दत गर्नु पर्छ भनेको हो । यस कारणले हाम्रो समाजमा नै मुटु कसरी जोगाउने भनेर भित्र मनैदेखि उपायहरू बताउने हो र समाजमा रहेका हरेक मुटुहरूलाई स्वास्थ्य हुनको लागि बाटो देखाउने हो । यो मुटु बचाउनको लागि भौतिक स्रोत साधन मात्र पटकै होइन, यो आफ्नो आत्मीयता, अरूप्रतिको सद्भाव र प्रेमसँग पनि सम्बन्ध राख्दछ । आफ्नो मुटु त बचाउन परि हाल्यो तर अरूको मुटु बचाउन पनि मनैदेखि या आफ्नो हृदय लगाएर बचाउने कोसिस गर्नु पर्दछ । मुटु रोगको महामारीबाट जोगीनको लागि एउटै उपाय छ, यो के हो भने यो रोगबाट बच्ने, यो रोग लाग्नै नदिने । त्यसको लागि सबै जनमानसमा यो रोगको जानकारी जति सक्यो बढाउन पर्ने हुन्छ । यस वर्षको नारालाई निम्न तीन किसिमबाट बुझ्न सकिन्छ ।

**मानवताका लागि मुटु**
संसारमै मुटु रोगहरूमध्ये ७५ प्रतिशत लगभग मुटु रोगहरू हाम्रो जस्तो विकास हुन बाँकी, गरिब, पछि परेका देशहरूमा पर्दछ । यस संसारको यति ठूलो मानिसको संख्या मुटु रोगी हुनु र त्यो पनि हाम्रो जस्ते देशमा हुनु ज्यादै नै दुःखको कुरा हो । त्यसैले हरेक मानिसले मानवताको लागि यस कुरालाई मनन गरेर कसरी हुन्छ, कुन उपाय गर्दा यसबाट बच्न र बचाउन सकिन्छ भनेर मुटुमा हात राखेर आफ्नो मुटु साक्षी राखी अरूको मर्म बुझेर समाजमै मुटु बचाउनतर्फ लाग्न अति आवश्यक छ । मानवताका लागि कसरी हुन्छ यस रोगबाट बच्ने भन्ने कुराको साथसाथै कसैलाई मुटु रोग लागिसकेको छ भने पनि के कसरी उनीहरूको मर्म पिडालाई कम गर्न सकिन्छ भन्नेतर्फ लाग्न जरुरी छ । हाम्रो समाजमा, शिक्षामा, स्वास्थ्यमा धेरैको सहज पहुँच छैन । धेरैलाई यसबारे जानकारी छैन, धेरैमा स्रोत पनि सीमित हुन्छ । यस्तो अवस्थामा यस रोगबारे जानकारी, यसबाट बच्न गर्नुपर्ने उपायहरू र उपचार गर्नुपरे कसरी सहज बनाउने भनेर सबै लगनशीलतापूर्वक सच्चा मनदेखि लागिपर्नु पर्दछ, मद्दत गर्नु पर्दछ ।

**प्रकृतिका लागि मुटु**
मानव जाति प्रकृतिप्रति कठोर नै हुँदै आएको छ । आफ्नो सम्पूर्ण स्वार्थको लागि आफ्नै प्रकृतिरुपी आमालाई शोषण गरिरहेको छ । मानिसकै कारणले गर्दा वातावरण बिग्रिरहेको छ । मौसम बदलिंदै छ, संसारको तापक्रम बढ्दो छ, वायु प्रदूषण बिग्रेर विषैविषले भरिएको छ । यो सबै बिगार्ने अरू कोही होइन, मानव जाति नै हो । प्रकृतिलाई जिस्काएर मानव जातिले ठूलो भूल गर्दैछ । यसले गर्दा संसारमा प्राकृतिक प्रकोपहरू बढ्दै गएको छ । आगलागी, हावाहुरी, बाढीपहिरो, विभिन्न किसिमका महामारीले अकाल मृत्यु हुने क्रम बढ्दै गएको छ भने युवावस्थामै मानिसहरू नयाँ–नयाँ रोगबाट ग्रस्त भएका छन् । कलिला उमेरका मानिसलाई पनि मानसिक रोग, मुटु रोग, क्यान्सर जस्ता रोगले सताउने गरेको छ । मुटु रोगको नै कुरा गर्दा पनि लगभग २५ प्रतिशत जति मुटु रोग वायु प्रदूषणको कारणले हुने गर्दछ । समाजलाई बचाउने हो भने प्रकृतिलाई विनास होइन, माया गर्नुपर्छ ।

**आफ्नै लागि मुटु**
अरूको मुटु बचाउने हो भने सर्वप्रथम आफ्नो मुटुमा ध्यान दिन जरुरी छ । हामीले आफ्नो मुटु स्वस्थ राख्न सके अरूको मुटु जोगाउन पनि सक्षम हुनसक्छौँ । पहिले आफ्नो अवस्थाबारे जान्न आवश्यक छ । आफ्नौ तौल ठिक छ छैन, मधुमेह, रक्तचाप, चिल्लो पदार्थ ठीक छ छैन, व्यायाम गर्ने, ध्यान योग गरेको छ छैन, अनावश्यक तनाव लिने गरेको छ छैन, चुरोट रक्सीको सेवन गरिन्छ कि ? घरको साधारण खाना नखाएर बजारिया खाना पो खाने गरेको छ कि ? यी सबै कुराको जानकारी लिएर यसलाई ठीक अवस्थामा राख्न आवश्यक छ । रोग लागिहाल्यो भने पनि चिकित्सकको सल्लाह अनुसार पछि औषधि सेवन गरेर आफ्नो शारीरिक र मानसिक अवस्थालाई ठीक सन्तुलित, स्वस्थ राख्नुपर्छ ।

**मुटु के हो त ?**
मुटु रक्त सञ्चारको प्रमुख अङ्ग हो । यो दुई फोक्सोको बीच भागतिर छातीमा हुन्छ । यो ठूलो मान्छेको मुड्की जत्रो हुन्छ, लगभग मिनेटमा ७२ पटक धड्किने गर्दछ । मुटु दिनको एक लाख १५ हजारपटक धड्किन्छ । दिनभरिमा २०० ग्यालन रगत पम्प गर्दछ । हरेक मिनेटमा १.५ ग्यालन रगत पम्प गर्दछ । मुटु एउटा बलियो मांसपेशीले बनेको अङ्ग हो । यसले पम्प गरेको रगत र रगतबाट जीउलाई चाहिने पौष्टिक तत्वहरू पु¥याउने गर्दछ र यही पम्पले शरीरका धमिलिएको रगतलाई बटुलेर फोक्सोमा पु¥याउँछ । त्यहाँ सफा रगत बनाएर पूरा शरीरभरि पु¥याउने काम गर्छ । यसरी मुटुले अहोरात्र काम गरेकै हुन्छ । बलियो मांसपेशीले बने पनि यो ज्यादै सम्बेदनशील र भावुक हुन्छ । हरेक कुराका राम्रो नराम्रो कुराको असर यसलाई सिधैँ पर्ने हुँदा यसलाई ज्यादै माया गर्नु पर्दछ ।

**मुटु रोग लाग्ने कारक तत्वहरू के हुन् ?**
मुटुको रोग लाग्ने कारक तत्वहरू वैज्ञानिक हिसाबले प्रमाणित भइसकेका छन् । मुख्यगरी धूम्रपान वा सुर्ती जन्य पदार्थको सेवन, उच्च रक्तचाप, नियन्त्रित नभएको मधुमेह, रगतमा भएको चिल्लो पदार्थहरूको असन्तुलन, व्यायाम ध्यान योग नगर्ने बानी, वजन धेरै हुनु, अनावश्यक तनाव लिने बानी, लोभ लालच, फलफूल नखाने बानी, खानामा नुनु धेरै, चिनी धेरै, कार्बोहाइड्रेट धेरै खाने याने बजारको पोके पत्रु खाना खाने बानी, कम सुत्ने बानी इत्यादि पर्दछन् । यी कारक तत्वलाई ठीक ठाउँमा राख्न सकेदेखि मुटु रोगबाट बच्न सकिन्छ । जुन कुरा वैज्ञानिकहरूले प्रमाणित गरिसकेका छन् । कारक तत्वमध्ये केही गर्न नमिल्ने एउटै कुरा छ त्यो हो वंशानुगत आउने कारक तत्त्व । यो हाम्रो हातमा निर्भर गर्दैन, बाँकी सबै हामी आफैँ नियन्त्रण गर्न सक्षम छौँ ।

**के गर्न उचित होला ?**
विश्व मुटु दिवस धूमधामले मनाउने भनेकै यो रोग के हो र यसबाट कसरी बच्न सकिन्छ भनेर जानकारी बढाउने हो । जे कुरा गर्न पनि त्यसबारे जान्नु जरुरी छ । तसर्थ हामीले जुन कारक तत्वहरूका बारेमा छलफल ग¥यौँ त्यसमा एउटा वंशानुगतबाहेक सबै कारक तत्वहरू हामी आफैं नियन्त्रण गर्न सकिन्छ । वर्षको एक पटक कमसेकम यदि मिल्छ भने आफ्नो जन्मदिन पारेर डाक्टरको सल्लाह लिएर आफ्नो स्वास्थ्यबारे जानकारी लिने गरौं र कुनकुन कारण तत्वलाई ठीक अवस्थामा राख्नु छ, त्यसमा ध्यान दिने गरौँ । चुरोट रक्सीको सेवन नगरौँ, रक्तचाप मधुमेह र रगतमा हुने चिल्लो पदार्थ नियन्त्रण गरेर राखौँ, तौल बढ्न नदिन व्यायाम, ध्यान योग अभ्यास गर्ने गरौँ, अनावश्यक तनाव लिने, लोभ लालचमा नफसौँ, फलफूल खाने बानी बसालौँ । आफ्नो मुटु स्वस्थ राखौं र आफूले जानेजति, मनैदेखि अरूको पनि मुटु बचाउने अभियानमा लागौं ।
– लेखक वरिष्ठ मुटु रोग विशेषज्ञ हुनुहुन्छ

# स्वास्थ्य सेवा बन्द नहुने वातावरण बनाउन आग्रह

**रासस**
**काठमाडौँ ।**
राष्ट्रिय मानव अधिकार आयोगले कुनै पनि बहानामा स्वास्थ्यकर्मीमाथि आक्रमण, दुव्र्यवहार एवम् कुटपिट नगर्न, स्वास्थ्य संस्थाजस्तो संवेदनशील ठाउँमा तोडफोड र आक्रमण नगर्न आग्रह गरेको छ । स्वास्थ्य सेवा नै बन्द गरी आन्दोलन नगर्न र नागरिकको स्वास्थ्योपचारको हक सुनिश्चित गर्न आयोगले नेपाल सरकार, स्वास्थ्यकर्मी र सबै सरोकारवाला पक्षको ध्यानाकर्षण समेत गराएको छ । पछिल्ला केही दिनयता कास्की, मकवानपुर, लमजुङ, चितवन जिल्लालगायत विभिन्न अस्पतालमा कार्यरत चिकित्सकमाथि भएका आक्रमण, दुव्र्यवहार तथा स्वास्थ्य संस्थामा भएको तोडफोड एवम् चिकित्सकले आकस्मिकबाहेक स्वास्थ्य सेवा बन्द गरी आन्दोलनमा उत्रिँदा नागरिकको उपचारमा असर पर्न गएको छ । चिकित्सकको सुरक्षा व्यवस्था, स्वास्थ्य सेवाको निरन्तरता तथा बिरामीले भोग्नु परिरहेको समस्याबारे विभिन्न माध्यमबाट निरन्तर अनुगमन भइरहेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।
गत भदौ २४ गते हेटौँडाको सञ्जो अस्पतालका चिकित्सकमाथि सेवाग्राहीबाट हातपात भएको, असोज ७ गते लमजुङ अस्पतालका चिकित्सकमाथि स्थानीय जनप्रतिनिधिबाट हातपात भएको, असोज ८ गते पोखराको मणिपाल अस्पतालमा चिकित्सकमाथि सेवाग्राहीले कुटपिट, दुव्र्यवहार र आक्रमण गरेको घटनाका सम्बन्धमा आयोगले अनुगमन गरेको हो ।
पछिल्लो पटक पोखराको मणिपाल अस्पतालमा एक बिरामीको उपचारका क्रममा मृत्यु भएको भन्दै मृतकका आफन्तले चिकित्सकमाथि हातपात र दुव्र्यवहार गरी अस्पतालको भौतिक संरचनामा तोडफोड गर्नाका साथै सुरक्षाकर्मीबाट समेत चिकित्सकमाथि दुव्र्यवहार गरिएको अनुगमनमा देखिएको आयोगले जनाएको छ ।
आयोगले शान्ति सुरक्षा र घटनामा संलग्नमाथि कानुनी कारबाहीको माग गर्दै चिकित्सकले असोज ९ र १० गते अस्पतालको आकस्मिकबाहेक सम्पूर्ण सेवा बन्द गरी आन्दोलनमा उत्रिएका कारण उपचारका लागि आएका बिरामी सेवा पाउनबाट वञ्चित भएको जनाएको छ ।
चिकित्सकमाथि आक्रमणका शृङ्खलाबद्ध घटना विगतमासमेत हुँदै आएका थिए । यसबाट स्वास्थ्यकर्मीको मनोबल र स्वास्थ्य संस्थाको प्रभावकारितामा असर परेको आयोगको ठम्याइ छ । स्वास्थ्यकर्मी स्वास्थ्य सेवा नै बन्द गरी आन्दोलनमा उत्रिँदा नागरिकले उपचार गर्न पाउनुपर्ने हकमा असर पर्नाका साथै स्वास्थ्य संस्था धराशायी बन्न पुग्ने सम्भावना रहेको आयोगले जनाएको छ ।

# हेटौँडा सिमेन्ट उद्योगबाट आजदेखि पुनः उत्पादन सुरु




**रासस**
**मकवानपुर ।**
करिब दुई हप्ताअघि बन्द भएको हेटौँडा सिमेन्ट उद्योगले बिहीबारदेखि पुनः उत्पादन सुरु गरेको छ । आगो बाल्ने भट्टीको केही उपकरण बिग्रिएर सिमेन्ट उत्पादन बन्द गर्नुपरेको उद्योगले जनाएको थियो । बिग्रिएका उपकरण मर्मतसम्हार र थप उपकरण जडान गरी गरिएपछि उत्पादन सुरु गरिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले बताए । हेटौँडास्थित नेपाल विद्युत् प्राधिकरणले दिँदै आएको विद्युत आपूर्ति करिब आधाघण्टा अवरुद्ध हुँदा उत्पादन कार्यलाई नियमित राख्न कठिनाइ भएको उनले जानकारी दिए । उद्योगमा विद्युत् आपूर्तिको लागि छुट्टै फिडर जडान गरिए पनि आपूर्ति पटक–पटक अवरुद्ध हुँदा उत्पादन कार्यमा निकै समस्या भोग्नु परेकाले प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गर्न पत्राचार भइरहेको पनि महाप्रबन्धक कर्णले बताए । नेपाल सरकारको स्वामित्वमा रहेको उद्योग करिब चार दशक पुरानो हुँदै जाँदा सबै उपकरण पनि जीर्ण हुँदै गएकाले उत्पादन क्षमतामा कमी आएको उल्लेख गरिएको छ । साविक क्षमताअनुसार दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने लक्ष्य भए पनि अहिले दैनिक दस हजार बोरा मात्रै सिमेन्ट उत्पादन भएको उद्योग व्यवस्थापनले जनाएको छ । तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौँडामा स्थापना गरेको उद्योगले २०४३ साल मङ्सिर २६ गतेदेखि व्यावसायिक उत्पादन गर्दै आएको थियो । एक अर्ब ५० करोड रुपैयाँको लगानीमा स्थापना गरिएको उद्योगले अहिले विभिन्न सहरमा दैनिक चार हजारदेखि पाँच हजार बोरासम्म मात्र सिमेन्ट बिक्रीवितरण भइरहेकाले पर्याप्त सिमेन्ट बिक्रीवितरण हुन नसक्दा निकै आर्थिक भार व्यहोर्न परेको उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले बताए ।

# क्रिकेटर छोरा दीपेन्द्रको कीर्तिमानमा बुवा खुसी

**रासस**
**कञ्चनपुर ।**
बुधबार दिनभरीजसो नेपालका स्टार क्रिकेटर दीपेन्द्रसिंह ऐरी विश्व क्रिकेट जगतमै चर्चामा रहे । उन्नाइसौँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत चीनमा भएको मङ्गोलियाविरुद्धको खेलमा नौ बलमा अर्धशतक बनाएपछि दीपेन्द्रको चर्चा चुलियो । उनका नाममा अन्तर्राष्ट्रिय मिडियामा समाचारका शीर्षक बने । उनले टी–२० मा यसअघि भारतीय क्रिकेटर युवराज सिंहलगायतका खेलाडीले १२ बलमा प्रहार गरेको अर्धशतकको कीर्तिमान तोड्दै नौ बलमै अर्धशतक बनाएर नयाँ कीर्तिमान कायम गरेका थिए । कञ्चनपुरको भीमदत्त नगरपालिका–८ तिलाचौर घर भएका उनी बाल्यकालदेखि नै खेलकुद क्षेत्रमा मेहनती र अब्बल रहेको उनका बुवा गगनसिंह ऐरीले सुनाउँछन् । बुधबार छोराले बनाएको कीर्तिमानमा ऐरीको परिवार मात्रै होइन गाउँनै खुसी रहेको उनी बताउँछन् । ‘घरको टिभीमा रिर्चाज सकिएकाले बिहान रिचार्ज गर्न सुकासाल चौराहा पुगे’, छोराको सफलताले हर्षित गगनसिंह भन्छन्, ‘चौराहाको कम्प्युटर पसल सञ्चालकले दीपेन्द्रको सफलता मोबाइलमै देखाउँदा खुसीको सीमा नै रहेन ।’ एसएलसीसम्म गाउँकै एक निजी विद्यालयमा अध्ययन गरेका उनी त्यो बेलामा पनि खेल जितेर पुरस्कार पाउने गरेको बुबा ऐरीले सम्झिए । ‘चार छोरामध्ये साइँलो हो, दीपेन्द्र’,



उनले भने, ‘छोराले देशको नाम राख्दा हामी निकै खुसी भएका छौँ ।’ विद्यालयस्तरमा गाउँमा खेलकुदमा निकै मेहनत र सक्रिय भएर लाग्ने दीपेन्द्र उच्च माध्यमिक शिक्षा अध्ययनका लागि महेन्द्रनगरस्थित सनराइज बोर्डिङ स्कूल भर्ना भएका बेला करिब पाँच किलोमिटर हिँडेरै क्रिकेट प्रशिक्षणमा बजार पुग्दथे । ‘स्वस्थ भइन्छ भन्दै हिँडेर महेन्द्रनगर पुगेर क्रिकेट प्रशिक्षणमा जुट्थ्यो’, उनले भने, ‘खेलप्रतिको लगाव र महेनतकै कारण आज उ सफलतातर्फ लम्किँदैछ । दीपेन्द्रको सफलताले अहिले स्थानीयले भेट्नासाथ आफूलाई बधाई दिने गरेका छन् ।’ सानोदेखि नै दीपेन्द्र राम्रो शिक्षा हासिल गरेर सरकारी जागिरमा होस् भन्ने आफूले चाहे पनि अहिलेको सफलताले परिवारमा निकै सन्तोष मिलेको उनी बताउँछन् । करिब ४० वर्ष वन कार्यालयमा प्राविधिक खरिदारको जागिरे जीवन बिताएका गगनसिंह परिवारसहित २०३६ सालमा बैतडीबाट तिलाचौउर बसाइँ सरेका थिए । नेपाली क्रिकेटका परिचित नामहरु प्रदीप ऐरी र कमलसिंह ऐरी पनि दीपेन्द्रकै परिवारभित्र पर्छन् । ‘छोरालाई जहिल्यै अनुशासन र गलत लतमा नपरोस् भनेर सम्झाउने गर्थे’, उनी भन्छन्, ‘समयअनुसार परिपक्क हुँदै अहिले देशको नाम विश्वमा चर्चामा ल्याउने स्तरको भयो ।’ बुवा गगनसिंह पनि कुनै समय सितोरियो कराँते र भलिबलका खेलाडी थिए भने दीपेन्द्रका दुई दाजुले पनि क्रिकेट खेलेका थिए । ‘छोरी राजमती पनि अहिले सशस्त्र प्रहरी बलमा जागिरे भएर एपीएफ क्लबमा क्रिकेट नै खेल्छिन्’, उनी भन्छन्, ‘छोराछोरीको प्रगति नै जीवनको ठूलो सुख रहेछ । क्रिकेटको विकासका लागि सरकारले नै ध्यान दिनुपर्छ ।’

एसियाली खेलकुद प्रतियोगितामा नेपालले देखाएको प्रदर्शनपछि चर्चामा रहेका नेपाली क्रिकेट टोलीमा रहेका दीपेन्द्रसँगै विनोद भण्डारी र भीम सार्की पनि महेन्द्रनगरकै हुन् । महेन्द्रनगरमा दीपेन्द्रलाई प्रशिक्षण गराएका स्वयंसेवक प्रशिक्षक वीरेन्द्र शाही सनराइज उच्च माध्यमिक विद्यालयमा आएपछि दीपेन्द्र क्रिकेटमा आएको बताउँछन् । ‘निकै मेहनती र क्रिकेटलाई नै जीन्दगी ठानेर उ अघि बढिरह्यो’, उनी भन्छन्, ‘क्रिकेटप्रतिको लगावकै कारण आज सफलताको शिखरतर्फ दीपेन्द्र अघि बढ्दै छ ।’ दीपेन्द्रले पढाइभन्दा पनि त्यो बेलादेखि नै खेललाई बढी महत्व दिँदै आएको उनको भनाइ छ । ‘म प्याब्सनको अध्यक्ष हुँदा दीपेन्द्र सुकासालको विद्यालयमा पढ्थ्यो’, नेपाल क्रिकेट सङ्घ सुदूरपश्चिम प्रदेशका पूर्वअध्यक्ष एवं महेन्द्रनगरस्थित सनराइज बोर्डिङ स्कूलका सञ्चालक दीपकराज चालिसे भन्छन्, ‘प्याब्सनको खेल हुँदा उसको खेल देखेरै मैले दीपेन्द्रलाई क्रिकेटमा आउन सुझाए । स्कूलस्तरमा खेल्ने शैली र मेहनतबाट प्रभावित भएरै क्रिकेटमा ल्याउन पहल गरिएको हो ।’ ‘हामीकहाँ नै भर्ना भएपछि सन् २०१४ देखि नै अन्तर्राष्ट्रियस्तरका क्रिकेट प्रतियोगितामा उ सहभागी हुन थाल्यो’, उनी बताउँछन्, ‘त्यो बेलादेखि अध्ययनभन्दा पनि खेलमै दीपेन्द्रको बढी जोड थियो ।’

# १९औँ एसियाली खेलकुदः तेक्वान्दोमा नेपाल पदकविहीन, ब्याडमिन्टनमा विजयी सुरुआत




**रासस**
**हाङझाउ ।**
१९औँ एसियाली खेलकुद, २०२२ अन्तर्गत तेक्वान्दोमा नेपाल पदकविहीन बनेको छ । बिहीबार भएको ८० किलो माथिको तौल समूहमा नेपालका ज्याकी यादव जोर्डनका खेलाडीसित पराजित भए । उनी २–० अंकले पराजित भएका हुन् । यादवको पराजयसँगै नेपाल सर्वाधिक आश गरिएको तेक्वान्दोमा पदकविहीन बन्न पुगेको हो । तेक्वान्दोबाट ११ खेलाडी सहभागी भएका थिए । यसअघि ४९ किलो तौल समूहमा अन्जली तामाङ र ६३ किलो तौल समूहमा गोविन्द आले पराजित भएका थिए । सन् २००६ पछि नेपालले तेक्वान्दोमा पदक जित्न सकेको छैन । त्यसअघि भने नेपालले एसियली खेलकुदमा तेक्वान्दोबाट एक रजत र १३ कास्य प्राप्त गरेको थियो ।

**ब्याडमिन्टनमा पुरुष टोलीको विजयी सुरूआत**
१९औँ एसियाली खेलकुदअन्तर्गत ब्याडमिन्टनको टिम इभेन्ट्समा नेपालको पुरुष टोलीले विजयी सुरुआत गरेको छ । नेपालले मङ्गोलियालाई ३–१ सेटले पराजित गरेको हो । प्रिन्स दाहाल र सुनिल जोशीको जोडी विजयी हुँदै क्वाटर फाइनलमा प्रवेश गरेको छ । विष्णु कटुवाल र प्रिन्स दाहालको जोडी पुरुष डबल्समा पनि विजयी भएको छ । महिला टिम इभेन्टस्मा भने नेपाल माल्दिभ्ससित ३–१ सेटले पराजित भएको छ । महिला डबल्समा नेपालकी रसिला महर्जन र अनुमाया राईको जोडी पराजित भयो ।

**महिला फुटबलमा बङ्लादेशसित बराबरी**
१९औँ एसियाली खेलकुद, २०२२ अन्तर्गत महिला फुटबलतर्फ नेपालले बङ्लादेशसित बराबरी खेलेको छ । नेपाल र बङ्लादेश दुवैले एक एक गोलको बराबरी खेलेका हुन् । नेपालका लागि रेखा पौडेलले गोल गरेकी हुन् । वानझाउ ओलम्पिक स्पोर्टस् सेन्टरमा पौडेलले खेलको ८३औँ मिनेटमा गोल गरेकी हुन् । सावित्रा भण्डारीले दिएको पासमा उनले गोल गरिन् । मध्यान्तर अघिको खेलमा बङ्लादेशले एक गोल गर्दै अग्रता लिएको थियो । उसका लागि खेलको ४४औँ मिनेटमा सविना खातुनले गोल गरिन् । समूह ‘डी’मा रहेका दुवै टालीले आफ्नो अन्तिम खेल खेलेका थिए । नेपाल र बङ्लादेश यसअघि खेलेका आफ्ना दुवै खेलमा पराजित भएका थिए । नेपाल समूह चरणको पहिलो खेलमा भियतनामसित २–० गोलअन्तरले तथा दोस्रो खेलमा जापानसित ८–० गोलअन्तरले पराजित भएको थियो । यस्तै बङ्लादेश पहिलो खेलमा जापानसित ८–० गोलअन्तरले तथा भियतनामसित ६–१ गोलअन्तरले पराजित भएको थियो ।

# आणविकमा आफु शक्तिशाली रहेको उत्तर कोरियाको दावी



**सिन्ह्वा**
**सियोल ।**
उत्तर कोरियाका नेता किम जोङ उनले संयुक्त राज्य अमेरिकाबाट उत्पन्न खतराको सामना गर्न थप आधुनिक आणविक अस्त्रको माग गर्दै आफ्नो संविधानमा आणविक शक्तिको हैसियतलाई समावेश गरेको सरकारी सञ्चारमाध्यमले बिहीबार जनाएका छन् । आणविक हतियार कार्यक्रमलाई लिएर अन्तर्राष्ट्रिय प्रतिबन्धका बावजुद उत्तर कोरियाले संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र उसका सहयोगीहरूको चेतावनीलाई बेवास्ता गर्दै यस वर्ष उल्लेख्य सङ्ख्यामा क्षेप्यास्त्र परीक्षण गरेको छ । प्योङयाङलाई आफ्नो आणविक शस्त्रागार त्याग्न राजी गराउने कूटनीतिक प्रयास असफल भयो र गत वर्ष किमले उत्तर कोरियालाई ‘अपरिवर्तनीय’ आणविक हतियार सम्पन्न राष्ट्र घोषणा गरेपछि संवैधानिक परिवर्तन आएको थियो । उत्तर कोरियाली नेता किमले स्टेट पिपुल्स एसेम्बलीको बैठकमा भने, ‘उत्तर कोरियाको आणविक शक्ति निर्माण नीतिलाई राज्यको आधारभूत कानूनको रूपमा स्थायी गरिएको छ, जसलाई कसैले पनि उल्लङ्घन गर्न अनुमति छैन ।’ उत्तर कोरियालाई संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूको अस्तित्वको खतराको सामना गर्न आणविक हतियारको आवश्यकता रहेको उनले बताए । उनले भने,

‘संयुक्त राज्य अमेरिकाले स्पष्ट आक्रामक प्रकृतिका साथ ठूलो मात्रामा आणविक युद्ध संयुक्त अभ्यासहरू पुनः सुरु गरेर र कोरियाली प्रायद्वीपको नजिक आफ्नो रणनीतिक आणविक सम्पत्तिको तैनाथीलाई स्थायी रूपमा राखेर हाम्रो गणतन्त्रको लागि आफ्नो आणविक युद्धको खतरालाई अधिकतम बनाएको छ ।

किमले वासिङ्टन, सियोल र टोकियोबीच हालै बढाइएको सुरक्षा सहयोगलाई ‘सबैभन्दा खराब वास्तविक खतरा’ को संज्ञा दिएका छन् । उनले थपे, ‘फलस्वरूप, उत्तर कोरियाका लागि रणनीतिक प्रतिरोधको निश्चित किनारा समात्न आणविक हतियारको आधुनिकीकरणलाई गति दिनु धेरै महत्वपूर्ण छ ।’ कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार किमले आणविक हतियारको उत्पादनलाई तीव्र गतिमा बढाउने र आणविक आक्रमणका साधनलाई विविधीकरण गर्ने कामलाई अगाडि बढाउनुपर्नेमा पनि जोड दिएका छन् । छिमेकी मुलुक जापानले भने उत्तर कोरियाको आणविक हतियार कार्यक्रम ‘पूर्णतया अस्वीकार्य’ भएको बताएको छ ।

‘उत्तर कोरियाको आणविक र क्षेप्यास्त्र विकासले हाम्रो देश र अन्तर्राष्ट्रिय समुदायको शान्ति र सुरक्षालाई खतरामा पारेको छ,’ जापानी मन्त्रीपरिषद्का मुख्यसचिव हिरोकाजु मात्सुनोले बिहीबार उत्तर कोरियाको संवैधानिक परिवर्तनबारे दिएको प्रतिक्रियामा भने । उनले भने, ‘हामी संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र बाँकी अन्तर्राष्ट्रिय समुदायसँग संयुक्त राष्ट्र सुरक्षा परिषदका प्रस्तावहरूको पूर्ण कार्यान्वयन र उत्तर कोरियाको पूर्ण परमाणु निःशस्त्रीकरणको लागि सहयोग गर्नेछौं ।’ उत्तर कोरियाको आणविक हैसियत संविधानमा उल्लेख भएसँगै उत्तर कोरियाको नेतृत्वलाई आणविक हतियार त्याग्न राजी गराउने सम्भावना क्षीण हुँदै गएको विज्ञहरूले बताएका छन् । ‘किमको भाषणबारे सियोलस्थित युनिभर्सिटी अफ नर्थ कोरियन स्टडिजका अध्यक्ष याङ मुन जिनले एएफपीसँग भने, ‘यो उहाँको आणविक शक्तिको स्थायित्वको प्रतीक हो ।’

यसले उत्तर कोरियाको आणविक निःशस्त्रीकरणको सम्भावनालाई अझ टाढा धकेल्छ । उत्तर कोरियाले यस वर्ष अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गरेको र यसलाई उत्तर कोरियाली सेनाले ‘रणनीतिक आणविक कार्यक्रम’को रूपमा व्यख्या गरेको छ ।

# चीन र ईयू साझेदार हुन्, प्रतिद्वन्द्वी होइनन्ः चिनियाँ विदेशमन्त्री



**सिन्ह्वा**
**बेइजिङ ।**
चीनका विदेशमन्त्री वाङ यीले चीन र युरापेली सङ्घ (ईयू) प्रतिद्वन्द्वी नभई साझेदार भएको बताएका छन् । हङ्गेरीका विदेशमन्त्री पिटर सिजार्तोसँग टेलिफोनमा कुरा गर्दै उनले ‘बेल्ट एण्ड रोड’ सहयोगका लागि चीनसँग अन्तरसरकारी सहयोग दस्तावेजमा हस्ताक्षर गर्ने हङ्गेरी पहिलो युरोपेली देश भएको बताए ।’

चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको राजनीतिक ब्युरोका सदस्यसमेत रहेका वाङले चिनियाँ राष्ट्रपति सी चिनफिङ र हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानको रणनीतिक मार्गदर्शनमा चीन र हङ्गेरीबीचको ‘बेल्ट एण्ड रोड’ सहकार्यले फलदायी परिणाम दिएको र नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्धका लागि राम्रो उदाहरण प्रस्तुत गरेको बताए ।

‘अन्तर्राष्ट्रिय सहयोगका लागि तेस्रो बेल्ट एण्ड रोड फोरममा हङ्गेरीको उपस्थितिलाई चीनले स्वागत गर्छ’, वाङले भने, ‘चीन हङ्गेरीसँग पारस्परिक विश्वास र मित्रता बढाउन र चीन–हङ्गेरी सम्बन्धको विकासका लागि नयाँ रणनीतिक योजनाहरू बनाउन र नयाँ र बलियो गति प्रदान गर्न यस अवसरको उपयोग गर्न तयार छ ।’

चीन हङ्गेरी–सर्बिया रेलमार्गको सफल निर्माण सुनिश्चित गर्न र संयुक्त रूपमा चीन–हङ्गेरी व्यावहारिक सहयोगको सफल नमूना निर्माण गर्न हङ्गेरीसँग काम गर्न तयार रहेको वाङले बताए । चिनियाँ विद्युतीय सवारी साधनहरूमा ईयूको अनुदान विरोधी अनुसन्धानले अन्तर्राष्ट्रिय व्यापारको आधारभूत नियमहरूको उल्लङ्घन गर्दछ, जसले सम्भवतः विश्वव्यापी यातायात उत्पादनका औद्योगिक र आपूर्ति श्रृङ्खलालाई बाधा पु¥याउनेछ । सिजार्तोले हङ्गेरी र चीनबीचको बेल्ट एण्ड रोड सहकार्यले महत्वपूर्ण परिणाम हासिल गरेको र यसबाट हङ्गेरीलाई धेरै फाइदा भएको बताए । ‘हङ्गेरीले अन्तर्राष्ट्रिय सहयोगका लागि तेस्रो बेल्ट एण्ड रोड फोरममा सक्रिय रूपमा भाग लिने, दुई पक्षबीच बेल्ट एण्ड रोड सहयोगलाई अझ प्रगाढ बनाउने र हङ्गेरी–सर्बिया रेलमार्ग निर्माणमा ठोस प्रगति गर्नेछ, जसले ताकि द्विपक्षीय सम्बन्धको थप विकासका लागि जोड दिनेछ,’ सिजार्तोले भने ।

# च्याटजीपीटीले अब इन्टरनेटबाट नै जानकारी खोज्न सक्ने

**एएफपी**
**न्युयोर्क ।**
‘जेनेरेटर एआई प्लेटफर्म (च्याटजीपीटी)’ ले अब इन्टरनेटबाट सिधै जानकारी ल्याउन वा अद्यावधिक जानकारी सङ्कलन गर्न सक्ने भएको दावी गर्दै सफ्टवेयरका लागि यो सफलता एक बृहत् कोसेढुङ्गा भएको यसको निर्माता ‘ओपनएआई’ले बुधबार जानकारी गराएको छ । अहिलेसम्म, प्रयोगकर्ताका प्रश्नहरूमा च्याटजीपीटीको प्रतिक्रियाहरू पूराना जानकारीमा आधारित थिए, जसमा अगस्त २०२१ पछिको जानकारी समावेश गरिएको थिएन । ‘च्याटजीपीटीले अब स्रोतहरूसँग सीधा लिङ्कहरूको साथ इन्टरनेटमा खोजी गर्न सक्छ र तपाईंलाई वर्तमान र आधिकारिक जानकारी प्रदान गर्छ,’ ओपनएआईले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मार्फत् सार्वजनिक एक सूचनामा जानकारी गराएको छ । पोष्टमा भनिएको छ,




‘यो अब सेप्टेम्बर २०२१ भन्दा अघिको जानकारीमा मात्र सीमित छैन ।’ नवीनतम सुविधाले वेबसाइटहरूलाई च्याटजीपीटीले उनीहरूसँग कसरी अन्तरक्रिया गर्दछ भनेर नियन्त्रण गर्न अनुमति दिने पनि जनाइएको छ । ओपनएआईले जुनमा आफ्ना पैसा तिरेका ग्राहकहरूका लागि अद्यावधिक सार्वजनिक गरेको थियो, तर प्रयोगकर्ताहरूले इन्टरनेट सामग्रीमा पैसा तिरेका ग्राहकहरूको सूचना चोरी गर्न सफल भएपछि यो अवधारणालाई खारेज गरेको थियो । ‘ब्राउज विथ बिङ’ नाम दिइएको यो सुविधा च्याटजीपीटी प्लस र उद्यम सेवाका ग्राहकका लागि पनि आरक्षित छ, तर ओपनएआईले यो चाँडै नै सबै प्रयोगकर्ताका लागि उपलब्ध हुने बताएको छ । च्याटजीपीटीले यसको प्रतिक्रियाहरूको साथ प्रत्यक्ष स्रोतहरू पनि उद्धृत गर्नेछ, जुन अब कार्यक्रमको प्रकाशकले नियन्त्रण गर्ने एकल जानकारीमा आधारित हुनेछैन ।

# मधेशको अर्थमन्त्रालयमा कर्मचारीहरुले गरे तालाबन्दी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश सभा सदस्यहरु र कर्मचारीहरुले तीन महिनादेखि तलब खानबाट वंचित भएपछि मधेश प्रदेशको अर्थमन्त्रालयमा तालावन्दी गरिएको छ ।
कर्मचारीहरुका अनुसार पहिलो चौमासिक रकम केन्द्रिय सरकारबाट निकासा भएपनि अर्थ मन्त्री संजय यादवले रोकेका कारण तलब पाउनबाट वंचित भएको हो । प्रदेश सभा सदस्य तथा कर्मचारीहरु दशैंको मुखमा पेश्की खाने बेलामा तीन÷तीन महिनाको तलब पाउन नसकिएपछि कर्मचारीहरु आन्दोलीत छन् । प्राप्त जानकारि अनुसार तलब निकासाका लागि अख्तियारी नदिंदा साउन महिनादेखि तलब खान नसकिएको कर्मचारीहरुको भनाई छ ।
जनमत पार्टीका सांसद त्रिभुवन साहले अर्थ मन्त्रालयको ढिलासुस्तीका कारण तलब पाउन समस्या भएको बताउदै अर्थ मन्त्रालयको अख्तियारी खोजेका कारण तलब खुवाउन समस्या उत्पन्न भएको बताए । एमालेका प्रदेश सांसद दिपेन्द्र ठाकुरले पनि गएको तीन महिनादेखि प्रदेश सभाले तलब नखुवाएको बताएका छन् । उनले भने आफू बुझेसम्म सचिवालयले पीएलएमबीआईएस कोड कनेक्ट नभएको कारण अर्थमन्त्रलायबाट निकासा नभएको हो ।




उता प्रदेश सभा सचिवालयका सचिव रञ्जित यादवले के कति कारण तलब रोकिएको हो बारे अर्थमन्त्रालयसँग सोध्नु भनेर पन्छिने प्रयास गरेका छन् । उनले भने सफ्टवेयर समस्याका कारण तलब रोकिन गएको हो । तर केही दिनमै सबै माननीय र कर्मचारीहरुको तलब पठाई दिइनेछ । प्रदेश सभा सदस्य मात्रै होइन ११ वटा मन्त्रालय मध्ये गृह, सञ्चार तथा कानून लगायतका दुई÷तीन वटा मन्त्रालय बाहेक सबै मन्त्रालय र ती मातहतका कार्यालयका कर्मचारीहरुको तलब बक्यौता रहेको छ । अर्थमन्त्रालयका कर्मचारीहरु समेत तलब खान सकेको छैन ।
जे जति भनेपनि कर्मचारी र प्रदेश सभा सदस्यले तलब नपाउनुको मुख्य कारण मुख्यमन्त्री र अर्थमन्त्रीबिचको द्वन्द्व रहेको बुझिएको छ ।यसैबीच करारमा कार्यरत कर्मचारीहरुले अर्थ मन्त्रालयमा तालाबन्दी समेत गरेका छन् । तलब बक्यौता रहेको अवस्थामा आफूहरुलाई मन्त्री संजय यादवले हटाउन लागेको भनी तालाबन्दी गरेको करारमा कार्यरत कर्मचारीहरुले बताएका छन् । कार्यालय सहयोगी र चालक सहितका करारमा कार्यरत कर्मचारीहरुलाई हटाउने उद्देश्यले मन्त्री यादवले करारको मिति गएको साउनदेखि थप गरेको छैन । यस सम्बन्धमा अर्थमन्त्री संजय यादव र सचिव प्रेम प्रसाद भट्टराईसँग प्रतिक्रिया लिन खोज्दा मोबाइलको स्वीच अफ रहेको कारण सम्पर्क हुन सकेन ।



जनकपुरधामको विभिन्न ठाउमा भव्यरुपमा इन्द्र पूजा मनाईदै छ । तस्विरः मिश्रीलाल मधुकर

# माफी मागेपछि थुनामुक्त भए झा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सामाजिक सञ्जाल मार्फत मधेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई कालोमोसो दल्ने चेतावनी दिएका आयुर्वेद चिकित्सक अरुण झालाई प्रहरीले दुई दिनपछि बिहीबार थुनामुक्त गरिदिएको छ ।
फेसबुक मार्फत मुख्यमन्त्री यादवलाई कालोमोसो दल्ने चेतावनी दिएका झालाई धनुषा प्रहरीले गत मंगलबार पक्राउ गरेको थियो । उनले सामाजिक सञ्जाल मार्फत सम्प्रदायिक सद्भावमा खलल पुग्नेगरी स्टाटस लेख्नु गलत भएको स्वीकार गरी पुनः यस्तो गल्ती नदोहोर्याउने शर्तमा थुनामुक्त गरिएको प्रहरीले जनाएको छ ।
'आफुले गल्ती गरेको स्वीकार गरी यस्तो गल्ती नदोहोर्याउने शर्तमा आयुर्वेद चिकित्सक अरुण झालाई छोडिएको हो' जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी रञ्जन अवाले मधेशदृष्टिसँग भने । डिएसपी अवाका अनुसार मौखिक उजुरीको आधारमा झालाई पक्राउ गरिएको थियो ।

# गौहत्याको विरोधमा आज जनकपुरधाममा विरोध प्रदर्शन हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुलुकको राष्ट्रिय जनावर गाईको देशव्यापीरुपमा श्रृंखलावद्धरुपमा हत्या भइरहेको भन्दै यसप्रति जानकी मन्दिरले आफ्नो ध्यानार्षण भएको जनाउँदै आज (शुक्रबार) विरोध प्रदर्शन गर्ने भएको छ ।
जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले मुलुकमा जथाभावीरुपमा गौहत्या भइरहँदा पनि राज्यले राष्ट्रिय जनावरसमे रहेको हिन्दु धर्मको माता रहेको हुनाले गाईलाई जोगाउन सरकारले चासो नदेखाएको आरोप लगाउँदै आज भव्य विरोध प्रर्दशन गर्ने बताए । उनले धरानदेखि खोटांगसम्म हत्या हुँदा पनि सरकारले कारवाही प्रक्रिया अघि नबढाएको भन्दै तत्काल आन्दोलन गर्ने चेतावनी दिँदै शुक्रबार जनकपुरधाममा गौहत्याको विरोधमा विरोध प्रदर्शन चेतावनी दिएका थिए ।उनले गौहत्या श्रृंखलावद्धरुपमा बढ्दै गइरहेकाले यही असोज १२ गते शुक्रबार जनकपुरधाममा विरोध प्रदर्शन गरेर सचेत गराउने उदेश्य रहेको बताए । यस विरोधसभामा हजारौँ सनातन हिन्दु धर्मावलम्बीको सहभागीता हुने अनुमान गरिएको छ । यता जिल्ला प्रशासन कार्यालय धनुषाले प्रर्दशनलाई शान्तिपुर्ण बनाई नगर परिक्रमा गरि बारहविघामा आएर सम्पन्न गर्न उर्दि जारी गरिसकेको छ ।
आज हुने प्रर्दशनलाई उग्र हुन नदिनका लागि जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्ला प्रहरी कार्यालय धनुषा र सशस्त्र प्रहरी दुवैलाई सर्तक रहन् निर्देशन समेत दिएको छ ।

# आजपामा दजनौंको प्रवेस



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले मुलुकमा अराजकता र भ्रष्टाचारको लहर बढेको बताएका छन् ।
बुधबार गढीमाई नगरपालिका वडा नं ७ धनडीमा आयोजित पार्टी प्रवेश तथा अन्तरक्रिया कार्यक्रममा प्रभु साहले सम्वोधन गर्दै अहिले सत्ताको लोभमा दलहरु देशलाई बर्बाद गर्नमा लागिपरेको बताए ।
उनले आजपा पार्टीले मात्र देशलाई सही दिशा दिन सक्ने बताए ।
कार्यक्रममा नेपाली कांग्रेसका चर्चित नेता मुकेशकुमार यादव, सुरेश यादव, नेकपा (एस)का सोगरथ राय, नेकपा एमालेका बतहूठाकुरलगायत दर्जनौं नेता कार्यकर्ता ले विभिन्न दल छाडेर आजपाको सदस्यतामा प्रवेश गरेका थिए । प्रभु साहले सबैलाई माला र अबीर लगाएर स्वागत गरेका थिए ।

# चिकित्समाथि भएको आक्रमणको संघद्वारा भत्र्सना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चिकित्सकहरुमाथि निरन्तररुपमा भइरहेको आक्रमणप्रति नेपाल चिकित्सक संघ जनकपुर अंचल शाखाले भत्र्सना गरेको छ र संघले विहिबार विज्ञप्ती जारी गर्दै मणिपाल पोखरा, गुल्मी, चितवन लगायत नेपालको विभिन्न ठाउँहरूमा चिकित्सकहरू माथि भएको साङ्घातिक आक्रमणको नेपाल चिकित्सक संघ जनकपुर अञ्चल शाखाले भत्र्सना गरेको


नेपाल चिकित्सक संघ
NEPAL MEDICAL ASSOCIATION
Janakpur Zonal Branch

EXECUTIVE COMMITTEE (2079-2082)
President
Dr. Ramji Yadav
Immediate Past President
Dr. Ram Naresh Pandit
Senior Vice-President
Dr. Rameshwar Mahaseth
Vice-President
Dr. Ashwini Kumar Jha
Secretary
Dr. Ram Gyan Yadav
Treasurer
Dr. Rajesh Kumar Shah
Joint Secretary
Dr. Ratish Singh
Joint Treasurer
Dr. Amit Kumar Yadav
Members
Dr. Deb Narayan Sah
Dr. Rishikesh Pratap Sah
Dr. Vijay Kumar Sah
Dr. Bipin Kumar Yadav
Dr. Ravi Ranjan Pradhan

प्रेस विज्ञप्ति

हो ।
संघले आवाशिय चिकित्सकद्वारा घोषणा गरिएका आन्दोलनमा समेत एक्यवद्धता जनाएको छ । संघले जारी गरेको विज्ञप्तीमा उल्लेख अनुसार अवासिय चिकित्सकहरूको जायज माग सम्बोधन गर्न नेपाल चिकित्सक संघ जनकपुर अञ्चल शाखा जोरदार माग गरेको छ भने नेपाल चिकित्सक संघ केन्द्रीय समितिलाई आन्दोलनको अभिभावकत्व लिई यस आन्दोलनलाई देश व्यापी बनाउन अनुरोध समेत गरेको छ ।

# एमालेको 'मिसन ०८४ मा एमाले सरकार'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका सचिव योगेश भट्टराईले एमालेको मिसन ०८४ मा संघदेखि प्रदेशसम्म एमाले सरकार रहेको बताएका छन् ।
बिहीबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै एमालेका मधेश प्रदेश इन्चार्ज तथा केन्द्रीय सचिव भट्टराईले एमालेले यस वर्षलाई संगठन निर्माण र ०८४ मा मिसन एमाले सरकार रहेको बताएका हुन् । उनले ०८० को वर्षलाई संगठन निर्माणको वर्षको रुपमा लिएको र ०८४ मा एमालेको बहुमतको सरकार संघदेखि प्रदेशसम्म रहने दावी गरे ।
विगतमा जनताले प्रदेश सरकारको रवैया देखेको हुनाले मधेश प्रदेशमा पनि एमालेकै सरकार रहने बताए । उनले विगतमा नेकपा हुँदा संगठन तदर्थरुपमै चल्दै आएकाले हामीले यस वर्षलाई संगठन निर्माण गरी सक्रिय बनाएर जनतासमक्ष गएर सरकारको कामकाजको भण्डाफोर गर्दै देश र प्रदेश निर्माणका लागि एमाले अग्रसर हुने उनले बताए । एमाले मधेश प्रदेश अधिवेशनको लोगो सार्वजनिक गर्दै उनले यस लोगोमा सांस्कृतिक एवं धार्मिक विविधताको सम्मान, उद्योग, कृषि, पर्यटनजस्ता क्षेत्रमा तिव्र विकासको आवश्यकतालाई उजार गरेको उनको भनाइ छ । उनले सामाजिक न्यायका लागि सुशासनका लागि एमालेको कार्यभार मधेशको स्वाभिमान र समृद्धिको लागि एमालेको सरकारबाट नै सम्भव हुने बताए ।




पुर्वमन्त्रीसमेत रहेका नेता भट्टराईले मधेशको आर्थिक र सामाजिक समृद्धिका लागि एमालेकै सरकार अनिवार्य रहेको बताएका हुन् । प्रदेश इन्चार्ज तथा सचिव भट्टराईले भने, 'गएको पाँच वर्षमा कुनै पार्टीको मुख्यमन्त्री र यो एक वर्ष अर्कै पार्टीको मुख्यमन्त्रीले के कति जनताका लागि काम गरेको छ, विकासको काम गरेको छ, जनताको सुशासन र सामाजिक न्यायका लागि काम गरेको छ, हामीले देख्यौँ, त्यही भएर अब आउने निर्वाचनमा एमालेको सरकार निश्चित रहेको छ ।'
एमालेको मधेश प्रदेश कमिटीको प्रथम अधिवेशन यही असोज २४ देखि २५ गतेसम्म दुई दिवसीय हुने जानकारी एमाले मधेश प्रदेशका अध्यक्ष रामऔतार यादवले दिए । उनले जनकपुरधामको महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा हुने प्रदेश अधिवेशनको उद्घाटन एमालेका अध्यक्ष केपी शर्मा ओलीले गर्ने बताए ।
यस प्रदेश अधिवेशनमा मधेश प्रदेशको ८ वटै जिल्लाबाट एक हजार प्रतिनिधि तथा पर्यवेक्षक सहभागी हुने छ भने महिला र युवालाई विशेष प्राथमिकता दिइने समेत उनले बताए ।
पहिलो पटक हुन लागेको प्रदेश अधिवेशनबाट २ सय १० सदस्यीय कमिटी हुने जनाइएको छ । प्रदेश अधिवेशनमा सहभागी हुने प्रतिनिधिको छनोट असोज १५ गतेसम्ममा हुने जनाइएको छ ।
मधेश प्रदेशको तयारी तथा व्यवस्थापनका लागि चरणवद्धरुपमा कामहरु भइरहेको बताउँदै यसका लागि प्रचारप्रसार, प्रतिनिधि व्यवस्थापन, आर्थिक व्यवस्थापन, समिति तथा विभिन्न उपसमितिहरुसमेत गठन गरिएको जनाइएको छ ।
एमाले मधेश प्रदेश अधिवेशनको नारा 'सामाजिक न्याय र सुशासन हाम्रो कार्यभार, मधेशको स्वाभिमान र समृद्धिको लागि एमाले सरकार' भन्ने मुल नारा रहेको छ । यस नारा तथा लोगो सार्वजनिक कार्यक्रम एवं पत्रकार सम्मेलनमा पुर्वमन्त्रीसमेत रहेकी एमाले पोलिटव्युरो सदस्य जुली महतो, धनुषा इन्चार्जसमेत रहेका पुर्वमन्त्री लिलानाथ श्रेष्ठलगायतका नेताहरुले समेत नारा तथा लोगो सार्वजनिक गरेको थियो ।



# विकासका रणनीतिलाई सघाउन सरकार तयारः मुख्यमन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मधेश प्रदेश सरकारले मधेशको विकासमा कुनै पनि संस्थाले बनाएको रणनीतिमा सहयोग गर्न तयार रहेको बताएका छन् ।
प्लान इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीति २०२३–२०२८ सार्वजनिकीकरण कार्यक्रमलाई जनकपुरधाममा सम्बोधन गर्दै उनले बालविवाह तथा महिला सशक्तीकरणमा सरकार गम्भीर रहेको बताए ।
उनले मधेश प्रदेश सरकारले बालविवाह रोक्न तथा महिलालाई आर्थिक तथा सामाजिक रुपमा सक्षम बनाउन 'बेटी पढाऊँ बेटी बचाउ' कार्यक्रम अन्तर्गत छोरी शिक्षा बिमा जस्ता कार्यक्रम सञ्चालन गरेको बताए । मुख्यमन्त्री यादवले प्लान इन्टरनेशनल नेपाल जस्ता संस्थाले बनाएको रणनीतिको सफल कार्यान्वयनका लागि प्रदेश सरकार सघाउन तयार रहेको बताए ।
मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण प्रसाद यादवले प्लान इन्टरनेशन नेपालले मधेश प्रदेशका जिल्लामा विगतदेखि गर्दै आएको कामको सराहना गर्दै अगामी दिनमा अझ बढी सशक्त ढंगले काम गर्ने आशा व्यक्त गरे ।
मधेश प्रदेशका शिक्षा तथा समाज कल्याणमन्त्री महेश प्रसाद यादवले मधेश प्रदेशमा बालविवाहको अवस्था निक्कै भयावह भएको बताउँदै यसमा कमी ल्याउनका लागि प्रदेश सरकारले बालिका शिक्षामा विशेष जोड दिएको बताए ।

# 'सामाजिक सद्भाव खलबलाउनेहरु संघीयता विरोधी हुन्'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुख्यमन्त्री सरोजकुमार यादवले मुलुकमा समुदायको नाममा विभाजन गरेर द्वन्द्वको विजारोपन गरी सामाजिक सद्भाव खलबलाउनेहरु सक्रिय रहेको बताएका छन् ।
बिहीबार जनकपुरधाममा मोहम्मद पैगम्बरको जन्मदिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले सामाजिक सद्भाव खल्बलाएर संघीयता विरोधी क्रियाकलाप गर्न उद्धत रहेको बताएका हुन् ।
उनले संघीयता विरोधीहरु सामाजिक सदभाव विगार्नलाई विभिन्न खाले गतिविधिमा सक्रिय रहेको बताए । पछिल्लो समय मधेशमा सामाजिक सदभाव बिगार्ने गरी क्रियाकलाप बढिरहेको समयमा मुख्यमन्त्री यादवले अहिले समाजमा संघीयता विरोधी कुतर्क गरी देशमा अराजकता मचाउनका लागि संघीयता नचाहने तत्वहरु सक्रिय रहेको बताए ।
उनले मधेश सरकारसंग आफ्नो प्रहरी–प्रशासन नहुँदा सामाजिक सद्भाव विगार्नेहरुलाई कारवाही पनि गर्न नसकिरहेको दुखेसो पोखे ।
उनले संघीय सरकारले समेत सामाजिक सदभावमा आँच पुर्याउनेहरुलाई कडा कारवाही नगरेकोमा दुःखद रहेको बताए ।यस कार्यक्रममा पुर्वमन्त्री तथा नेकपा एमालेकी नेतृ जुली महतोले पैगम्बर मोहम्मदले जीवन पर्यन्त सामाजिक सद्भाव र भाइचाराको सन्देशलाई जनजनमा पुर्याएकाले यस युक्तिलाई अनुसरण गर्नका लागि सबैमा आग्रह गरिन् ।मुस्लिम समुदायहरुका लागि आजको दिनलाई विशेषरुपमा मनाउँदै जनकपुरधाम नगरको प्रदर्शन समेत गरेका थिए ।

# शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन क्षेत्र प्रदेश सरकारको प्राथमिकतामा



**सामाजिक सद्भाव कायम गरेर अघि बढ्न सबैमा अपील समेत गरे । केही तत्वहरु सामाजिक सद्भाव बिगार्नमा लागेको छ, उनले भने–'हामी सबै सचेत हुनुपर्ने बेला छ ।' किसानपुर गाउँको विकास गर्नको लागि प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने मुख्यमन्त्री यादवले घोषणा गरे ।**

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताएका छन् ।
धनुषाधाम नगरपालिका–७ किसानपुरमा बिहीबार नवनिर्मित मदर्साको उद्घाटन गर्दै उनले शिक्षासँगै स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रको विकासमा जोड दिएको बताउनुभयो । आफ्नै कार्यकालमा मुस्लिमहरुको लागि उर्दु विद्यालय संचालनमा ल्याउँछु, उनले भने–यो विद्यालयमा उर्दुसँगै अंग्रेजी, गणित, विज्ञान पनि पठनपाठन हुन्छ । किसानको लागि बिना धितो ऋण उपलब्ध गराउनको लागि राष्ट्रिय वाणिज्य बैंकसँग सम्झौता गर्ने तयारी भइरहेको उनले बताए । बाली लगाउने बेलामा किसानलाई मलखाद, सिचाई, मजदूरको लागि आर्थिक अभाव हुने गरेको छ, उनले भने–'यसको समाधान खोज्न बैंकसित छिट्टै सम्झौता गर्न लागिएको छ ।' बैंकले सहुलियत दरमा किसानलाई उपलब्ध गराएको ऋणको बाली भित्र्याउनेसम्मको ब्याज प्रदेश सरकारले तिर्ने उनले जानकारी दिए ।
उनले सामाजिक सद्भाव कायम गरेर अघि बढ्न सबैमा अपील समेत गरे । केही तत्वहरु सामाजिक सद्भाव बिगार्नमा लागेको छ, उनले भने–'हामी सबै सचेत हुनुपर्ने बेला छ ।' किसानपुर गाउँको विकास गर्नको लागि प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने मुख्यमन्त्री यादवले घोषणा गरे ।
वडा नं. ७ का वडाध्यक्ष हेमनारायण यादवको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा कार्यक्रममा शहीद शिवशंकर यादवको आमालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।कार्यक्रममा मदर्सा समितिका अध्यक्ष अजिम अंसारी, जसपा क्षेत्र नं. १ का क्षेत्रीय अध्यक्ष बिनोद कुमार यादव, धनुषाधाम नगर उपाध्यक्ष चन्द्रनारायण यादव लगायतले शुभकामना मन्तव्य राखेका थिए । अम्बिका विश्वकर्माले संचालन गरेको कार्यक्रममा नेपाली कांग्रेस लगायतका पार्टी परित्याग गरि करिब २५ जना नेता कार्यकर्ता जसपा प्रवेश गरेका थिए ।

# मुस्लिम समुदायले राष्ट्रिय गान संगै मोहम्मद डे मनाए



**मधेशदृष्टि**
**वीरगंज ।**
आपसी सद्भाव, धार्मिक सहिष्णुता, राष्ट्रिय एकतालाई जोडदै राष्ट्रिय गान सँगै विहिबार बीरगंजमा मुस्लिम समुदायले 'मोहम्मद डे' मनाएका छन् । मुस्लिम समुदायको धर्म प्रवर्तक पैगम्बर मोहम्मदको जन्मदिनको अवसरमा 'मोहम्मद डे' मनाइएको हो । मुस्लिम समुदायले राष्ट्रिय गान सहित कार्यक्रम शुभारम्भ गरी वीरगंजको इनर्वा, छपकैयाँ, नगवा, लाठगल्ली, मुर्लीचोक, श्रीपुर, गहवाबाट निस्किएको जुलुस घण्टाघरमा एकिकृत भई समापन गरिएको थियो । राष्ट्रिय एकताका लागि नेपालको राष्ट्रिय झण्डा सहित ईस्लाम धर्मको झण्डा बोकेका मुस्लिम समुदायले यस पटक मोहम्मद डे लाई आपसी सद्भाव र धार्मिक स्वतन्त्रता र राष्ट्रिय अखण्डता र भाईचारालाई कायम गर्दै मनाउँदा सबै वर्ग र समुदाय विच आपसी सम्बन्ध प्रगाढ हुने भन्दै सोही अनुरुप मनाएका हुन् । विगत केहि समय यता मधेशका पर्सा, सर्लाही लगायतका जिल्लामा धर्मको नाममा केहि उच्छृंखल व्यक्तिहरुले समाजलाई विखण्डन ल्याउन खोजेको भन्दै नेपालीहरु विचको आपसी सद्भावलाई कुनै शक्तिले फुटाउन नसक्ने चेतावनी मुस्लिम धर्मका अगुवाहरुले बताएका छन ।
मधेश प्रदेश सरकारले 'मोहम्मद डे' मनाउन आज सार्वजनिक बिदा समेत दिएको छ । मधेश प्रदेश सरकारको बुधबार बसेको मन्त्रीपरिषद बैठकले प्रदेशभरि बिदा दिने निर्णय गरेको थियो । इस्लामी पात्रो हिजरी सम्वतको रब्बीअव्वल महिनामा साउदी अरबको मक्कामा बिबि आमिनाको कोखबाट हजरत मोहम्मदको जन्म भएको दिनको सम्झनामा मोहम्मद डे मनाईदै आएको छ ।

# सुरक्षा जाँच चौकीमै इन्धन तौल गर्ने कार्य सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट इन्धन ढुवानी गर्ने ट्यांकरबाट इन्धनको तस्करी हुने गरेको रहस्य खुलेपछि अहिले वीरगन्जस्थित एकीकृत सुरक्षा जाँच चौकीमै ट्यांकरसहित इन्धनको तौल गर्न थालिएको छ ।
वीरगंज भन्सार कार्यालय र नेपाल आयल निगमको आपसी समझदारीमा आईसिपी परिसरमा रहेको तौल काँटामा इन्धन सहितको ट्यांकरको तौल गर्न थालिएको हो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिला राम पन्थीले वीरगंज नाका हुदै भारतबाट इन्धन ढुवानी गर्ने ट्यांकरहरुको तथ्यांक पनि राख्न थालिएको बताए । सामान्यतया एउटा ट्यांकरले २० हजार लिटर इन्धन बोक्ने गरेको र त्यसभन्दा बढी परिमाणमा इन्धन बोकेको पाइए त्यो तस्करी प्रमाणित हुने उनले बताए । हाल वीरगंज नाकाबाट दैनिक सरदर ८५ ट्यांकरले भारतको बरौनीबाट पेट्रोल ढुवानी गरेर ल्याउने गरेका छन् । डिजेल भने मोतिहारी–अमलेखगन्ज पाइपलाइनबाट सोझै नेपाल आयल निगमको अमलेखगन्ज डिपोमा भित्रिने गरेको छ । वीरगन्ज नाका मुलुककै सर्वाधिक इन्धन भित्रिने नाका हो । वीरगंज भन्सार कार्यालय आईसिपीले संकलन गर्ने कुल राजस्वमा इन्धनको योगदान सबैभन्दा बढी हुने गर्दछ । भदौ २९ गते एकीकृत सुरक्षा जाँच चौकी परिसरमै इन्धन तस्करी कार्यमा संलग्न एक ट्यांकरलाई भन्सार अधिकारीहरुले नियन्त्रणमा लिएका थिए । भारतको बरौनीबाट २० हजार लिटर पेट्रोल लिएर आएको घोषणा गरेको ना ४ ख ३१५६ नम्बरको ट्यांकरबाट भन्सार अधिकारीहरुले घोषित परिमाणभन्दा १ हजार ७ सय ९७ लिटर बढी पेट्रोल बरामद गरेको पन्थीले बताए ।
सीमापारि रक्सौलमा भारतीय एकीकृत सुरक्षा जाँच चौकीमा इन्धन बोकेर नेपाल आउने ट्यांकरहरुको इन्धनको तौल हुने गरेको र नेपाल तर्फ भने इन्धनको जाँच नहुँदा यसको फाईदा विचौलियाहरुले उठाउँदै आएका थिए ।

# आठ पालिकाको बजेट संचालनमा रोक



**मधेशदृष्टि**
**वीरगंज ।**
कोष तथा लेखा नियन्त्रण कार्यालय वीरगंजले पर्सामा ८ वटा पालिकाको बजेट संचालनमा रोक लगाएको छ ।
सरकारले तोकेको वित्तिय सुशासनको मापदण्ड पालना नगरेको कारण उनीहरुको रकम खर्च गर्न रोकिएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ । गत बर्ष संघिय सरकारको कोषमा फिर्ता दिनुपर्ने रकम ती पालिकाले नपठाएको भन्दै कोष तथा लेखा नियन्त्रण कार्यालयले बजेट संचालनमा रोक लगाएको हो । सबै स्थानीय तहले वार्षिक बजेट तयार गरे पनि गत वर्षको बजेटको हिसाब नदिएका कारण स्थानीय तहको चालू आवको बजेट रोकिएको हो ।
रकम रोक्का गरिएका पालिकाहरुमा पर्साको पोखरिया र बहुदरमाई नगरपालिका, जगरनाथपुर, धोबिनी, पकाहामैनपुर, सखुवाप्रसौनी, कालिकामाई गाउँपालिकाको बजेट संचालनमा रोक लगाएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष ०८०÷८१ को लागि संघ तथा प्रदेश सरकारले मातहतका कार्यालयहरूलाई बजेटको अख्तियारी पठाए पनि उनीहरुको बजेट हालसम्म रोकिएको कार्यलयले जनाएको छ ।
पर्सागढी नगरपालीकाले एक करोड ५७ लाख, जगरनाथपुर गाउँपालीकाले एक करोड ७२ लाख, पटेर्वासुगौली गाउँपालीकाले दुई करोड ४३ लाख, धोबिनी गाउँपालीकाले २ करोड ५२ लाख, पोखरिया नगरपालीकाले ३ करोड २८ लाख, कालिकामाई गाउँपालीकाले २ करोड ९२ लाख रकम फिर्ता गर्नुपर्ने लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

# मानव कंकाल फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा जिल्लाको जङ्गलमा झुन्डिएर सडेगलेको अवस्थामा मानव कङ्काल फेला परेको छ । बुधवार साँझ बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १४ स्थित हलखोरीया साझेदारी वनमा अन्दाजी ५० वर्षीय पुरुषको सडेगलेको कङ्काल फेला परेको हो ।
सिन्दुरेको रुखको हाँगामा नाइलनको डोरी बाँधी पासो लगाई झुन्डी सडीगली गएको अवस्थामा शव फेला परेको क्षेत्रीय प्रहरी कार्यालय सिमराले जनाएको छ । शवको शरीरमा बैजनी रङ्गको सर्ट, सो सर्टको गोजीमा गुलाबी रङ्गको पेन र बायाँ हातको नाडीमा कालो प्लास्टिकको फित्ता छ । सोही हातमा कालो रङ्गको पछाडि भिड्ने झोला रहेको र झोलामा केही नभई खाली रहेको प्रहरीले जनाएको छ । शवले सर्ट भित्र कालो स्यानडो लगाएको, तल कालो पाइन्ट लगाएको सो पाइन्टको पछाडिको गोजीमा कलेजो रङ्गको पर्स र पर्समा सुदिर कुमार लामा लेखिएको भूतपूर्व सैनिक सुरक्षा गार्डको परिचय रहेकोको प्रहरीले जनाएको छ । त्यसै गरी रातो बुट्टादार कट्टु लगाएको दुवै खुट्टामा कालो कपडाको जुत्ता लगाएको लास भन्दा एक फिट पूर्व भुईंमा ढाका टोपी रहेको छ । हालसम्म शवको पहिचान हुन नसकेको र घटना विषयमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# विल विजक नभएको लाखौको सामान नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले विल विजक नभएको झण्डै ७२ लाख मुल्यको सामान बोकेका २ वटा ट्रक पथलैयाबाट नियन्त्रणमा लिएको छ ।
विहिबार विहान १ बजे वाराको जितपुरसिमरा उपमहानगरपालिका वडानम्बर १ पथलैया चोकमा खटिएको गस्ती टोलीले बिशेष सुचनाको आधारमा वीरगंजबाट काठमाण्डौं तर्फ जादै गरेको ना.६.ख.७१ र वा.४.ख ११२५ नम्बरको दुई वटा ट्रक लाई रोकेर चेकजाँच गर्दा विल विजक भन्दा ७१ लाख ९० हजार ४ सय ४६ रुपैयाबराबरको खुद्रा सामान भेटिएपछि ट्रकलाई थप कारवाहीकालागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय वाराले जनाएको छ ।

# पसलमा आगलागी हुँदा लाखौको क्षति

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको गरुडामा रहेको फ्रीज, सोफा ,फर्नीचर बिक्री गर्ने पसलमा आगलागी हुँदा लाखौको क्षति भएको छ ।
गरुडा स्थित अंशु ट्रेडर्समा गएराती करिब दुईबजे भएको आगलागी बाट पसलमा रहेको सम्पूर्ण सामान जलेर नष्ट भएको छ । ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी ओम प्रकाश खनालका अनुसार गरुडा ४ का रामजनम साहले सञ्चालन गरेको उक्त फर्नीचर पसलमा अचानक भएको आगलागी बाट १ करोड भन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । नेपाल प्रहरी सशस्त्र प्रहरी स्थानिय मिलेर ३ वटा दमकलको सहयोगमा ३ घण्टामा आगलागी नियन्त्रणमा लिएको डिएसपी खनालले बताए ।
आगलागीको ठोस कारण भने हालसम्म खुल्न नसके पनि विद्युत सर्ट भएर अथवा पसल भित्र बालिएको धूप बाट सल्किएर आगलागी भएको हुनसक्ने अनुमान गरिएको डिएसपी खनालले जानकारी दिए । घटना बारे थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन